विधेयक संख्याः

# धितोपत्र सम्बन्धी ऐन,२०६३ लाई संशोधन गर्न बनेको विधेयक

२०८१

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं।

# उद्देश्य र कारण

पूँजी परिचालन तथा पूँजी बजारको विकास, लगानीकर्ताको हित संरक्षण एवम् नियमन लगायतको कार्यको लागि नियामक निकायको रूपमा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्डले सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबारलाई व्यवस्थित र नियमन लगायतको कार्य गर्दै आइरहेको छ। धितोपत्र निष्कासन र व्यवस्थित कारोबार तथा धितोपत्र बजारको प्रभावकारी नियमन गर्न विद्यमान कानूनी व्यवस्थालाई समसामयिक संशोधन गर्न आवश्यक भएको र सरोकारवाला निकायहरुको सहभागिता तथा परामर्शमा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ। यस विधेयकलाई सङ्घीय संसदमा पेश गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/०३/१७ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(विष्णुप्रसाद पौडेल)
उपप्रधानमन्त्री तथा अर्थ मन्त्री

# सैद्धान्तिक अवधारणा

मुलुकको आर्थिक विकासको लागि छरिएर रहेको पूँजी परिचालन गरी पूँजी बजारको विकास तथा प्रभावकारी नियमन गर्नु आवश्यक पर्छ। त्यस्तो कार्यको लागि पूँजी बजारलाई नियमन गर्ने निकायबाट समय सान्दर्भिक नियमन तथा व्यवस्थापन गर्न स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था गर्न आवश्यक छ। प्रचलित कानून कार्यान्वयनमा आएको लामो समय भएको र पूँजी बजारमा आएको परिवर्तनसँगै नियामक निकाय र नियमन कार्यलाई थप प्रभावकारी बनाई विद्यमान कानूनी व्यवस्था समयानुकूल संशोधन र परिमार्जन गर्न आवश्यक भएको छ। तसर्थ सरोकारवाला निकायको सहभागिता र परामर्शमा धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्ने विधेयकको मस्यौदा तयार गरी  सङ्घीय संसदमा पेश गर्ने स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/०३/१७ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको हो।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि. न. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ५३ को उपदफा (१) | धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुन सक्ने क्षतिबाट जोगाउन क्षतिपूर्ति कोष तोक्ने। | नियमावलीमा तोकिने। | धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुन सक्ने क्षतिबाट जोगाउन सक्ने। |
| २. | दफा ५५क. को उपदफा (२) | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्नको लागि सङ्गठित संस्था संस्थापना गर्नुअघि बोर्डको सहमति लिने व्यवस्था तोक्न। | नियमावलीमा तोकिने। | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्नको लागि सङ्गठित संस्था संस्थापना गर्नुअघि बोर्डको सहमति लिने व्यवस्था सहज |

| सि.न. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | | हुने। |
| ३. | दफा ५५ख. को उपदफा (६) | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र लिने सम्बन्धी व्यवस्था तोक्न। | नियमावलीमा तोकिने। | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र लिने सम्बन्धी व्यवस्था सहज हुने। |
| ४. | ५५ग. को उपदफा (१), (२) र (३) | केन्द्रीय निक्षेप सेवा अनुमतिको लागि निवेदन दिने ढाँचा तोक्न र आवश्यक पर्ने कागजात, विवरण र दस्तुर तोक्न। | नियमावलीमा तोकिने। | अनुमतिपत्रको ढाँचा तोकिने र आवश्यक कागजात, विवरण र दस्तु तोकिई कार्यमा सरलीकृत हुने। |
| ५. | ५६क. को उपदफा (२) | धितोपत्र व्यवसाय सञ्चालन गर्न कम्पनी संस्थापना | नियमावलीमा तोकिने। | धितोपत्र व्यवसाय सञ्चालन गर्न |

| सि.न. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
| --- | --- | --- | --- | --- |
| | | गर्नुअघि बोर्डको सहमति लिने सम्बन्धी व्यवस्था तोक्न। | | कम्पनी संस्थापना गर्नुअघि बोर्डको सहमति लिने सम्बन्धी कार्यमा सरलीकृत हुने। |
| ७. | ६३क. उपदफा (१) र (२) | मार्जिनको सीमा तथा सोमा लाग्ने व्याज शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था तोक्न। | नियमावलीमा तोकिने। | मार्जिनको सीमा तथा सोमा लाग्ने व्याज, शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिई कार्यमा सरलीकृत हुने। |
| ८. | ७५क. (२), (३) | विशिष्टिकृत लगानीकोष सञ्चालन | नियमावलीमा | विशिष्टिकृत लगानीकोषको |

| सि.न. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | र (७) | अनुमतिपत्र लिने, आवश्यक विवरण, कागजात तथा शुल्क तोक्न र सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता तोक्न। | तोकिने। | अनुमतिको लागि आवश्यक कागजात, विवरण, शुल्क तथा सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता तोकिई कार्यमा सरलीकृत हुने। |
| ९. | ७५ख. (२), (४) र (५) | विशिष्टिकृत लगानीकोष दर्ता सम्बन्धी व्यवस्था तोक्न। | नियमावलीमा तोकिने। | प्रतिनिधित्व गर्ने विषय र प्रक्रिया, योग्यता तथा शुल्क तोकिई कार्यमा सरलीकृत हुने। |
| १०. | १०१ को उपदफा | कागजात, विवरण, तथ्याङ्क उपलब्ध | आवश्यकता अनुसार | अवधि तोकिई कार्यमा |

| सि. न. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्योजित व्यवस्थापन अर्न्तगत बनाइने कानूनको प्रकृति सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | (७) | गराउने अविध तोक्न। | नियमावली, विनिमय तथा निर्देशिकामा तोकिने । | सरलीकृत हुने। |
| ११. | ११०क (४ र ५) | धितोपत्र ट्रष्टीको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य तथा अधिकार र शुल्क तोक्न। | नियमावलीमा तोकिने। | धितोपत्र ट्रष्टीको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य तथा अधिकार र शुल्क तोकिई कार्यमा सरलीकृत हुने। |

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | दफा १८ | स्वार्थ बाझिने कार्य गर्न नहुने। | बोर्डको सदस्य वा कर्मचारीको बोर्डमा नियुक्ति भए पश्चात स्वार्थ बाझिने कार्य गर्न नहुने सम्बन्धमा व्यवस्था गरिएको। |
| २. | दफा ५५क. | बोर्डको सहमति लिनु पर्ने। | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न सङ्गठित संस्था संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्ने सम्बन्धमा व्यवस्था गरिएको। |
| ३. | दफा ५५ख. | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र लिनु पर्ने। | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले बोर्डबाट निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र लिने प्रक्रिया सम्बन्धी व्यवस्था गरिएको। |
| ४. | दफा ५५ग. | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने। | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने प्रक्रिया सम्बन्धी व्यवस्था गरिएको। |
| ५. | दफा ५५घ. | केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्रको अवधि र नवीकरण। | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्रको अवधि, वार्षिक शुल्क, जरिवाना र नवीकरण गर्ने सम्बन्धमा व्यवस्था गरिएको। |
| ६. | दफा ५५ङ. | केन्द्रीय निक्षेप सेवा सञ्चालनकर्ताको | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले गरेको केन्द्रीय |

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| | | जिम्मेवारी। | निक्षेप तथा राफसाफ कारोबारको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित सङ्गठित संस्थाको सञ्चालक समितिको हुने व्यवस्था गरिएको। |
| ७. | दफा ५५च. | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकार। | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गरिएको। |
| ८. | दफा ५६ पछि देहायको दफा ५६क. थप। | बोर्डको सहमति लिनु पर्ने। | धितोपत्र व्यवसाय सञ्चालन गर्न कम्पनी संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्ने व्यवस्था गरिएको। |
| ९. | दफा ६३ पछि दफा ६३क. थप। | मार्जिन प्रदान गर्न सक्ने। | धितोपत्र व्यवसायीले लगानीकर्तालाई प्रदान गर्ने मार्जिन सम्बन्धी व्यवस्था र मार्जिन बापत लिन सक्ने ब्याजको अधिकतम सीमा, शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था गरिएको। |
| १०. | दफा ७५क. थप। | विशिष्टीकृत लगानी कोष व्यवस्थापकको लागि अनुमतिपत्र लिनु पर्ने। | विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले त्यस्तो कोषको सञ्चालन तथा व्यवस्थापनको लागि बोर्डबाट कोष व्यवस्थापक अनुमतिपत्र लिनु पर्ने, निवेदन दिनु पर्ने तथा अन्य |

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| | | | आवश्यक व्यवस्था गरिएको। |
| ११. | दफा ७५ख. थप। | विशिष्टीकृत लगानी कोष दर्ता गर्नु पर्ने। | अनुमतिपत्रप्राप्त कोष व्यवस्थापकले विशिष्टीकृत लगानी कोष बोर्डमा दर्ता गर्नुपर्ने, बोर्डले शर्त तोक्ने र दर्ता सम्बन्धी अन्य व्यवस्था गरिएको। |
| १२. | दफा ८६ पछि दफा ८६क. थप। | बैङ्किङ्ग कारोबारको अभिलेख माग गर्न सक्ने। | बोर्डको अनुसन्धान प्रक्रियामा सम्बन्धित नियमनकारी निकायको थप सहजीकरणका लागि तथा अभिलेखको गोप्यता कायम गर्नका लागि आवश्यक व्यवस्था गरिएको। |
| १३. | दफा १०१ पछि देहायको दफा १०१क. थप। | बोर्डले कारबाही गर्न सक्ने। | बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगर्ने अनुमतिपत्रप्राप्त सङ्गठित संस्था, धितोपत्र दर्ता गराएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बोर्डले कारवाही गर्ने सम्बन्धमा व्यवस्था गरिएको। |
| १४. | दफा १०८ को दफा शीर्षक | सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य। | कारबाहीको गम्भीरता अनुसार सञ्चालक तथा कार्यकारी प्रमुखको अयोग्यता थप व्यवस्थित गर्नु पर्ने सम्बन्धमा व्यवस्था गरिएको। |
| १५. | दफा ११० पछि दफा ११०क. | ट्रष्टीको नियुक्ति। | हाल धितोपत्र सम्बन्धी ऐनमा ट्रष्टी सम्बन्धी व्यवस्था नरहेको र हितग्राही वा लगानीकर्ताको हित |

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| | थप। | | तथा स्वार्थ संरक्षण, पुँजी बजारलाई थप सुरक्षित र व्यवस्थित गर्न ट्रष्टी सम्बन्धी व्यवस्था गरिएको। |
| १६. | दफा १११ पछि दफा १११क. थप। | अनुमतिपत्रप्राप्त संस्थामा काम गर्न नपाउने। | बोर्डको अध्यक्ष, कार्यकारी निर्देशक र उपकार्यकारी निर्देशक अवकाश वा पदबाट हटेपछि अनुमतिपत्र प्राप्त संस्थामा कार्य गर्न नपाउने सम्बन्धमा व्यवस्था गरिएको। |

# आर्थिक टिप्पणी

धितोपत्र सम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा केन्द्रीय निक्षेप सेवा सञ्चालन लगायतका विषय समेत समावेश भएको हुँदा नेपाल सरकारलाई प्रत्यक्ष रुपमा आर्थिक व्ययभार नपर्ने भए तापनि नेपाल धितोपत्र बोर्डलाई नियमनको क्रममा सिर्जना हुने व्ययभार बोर्डले प्राप्त गर्ने नियमन वापतको शुल्क तथा दस्तुरबाट पूर्ति हुने देखिन्छ।

# <u>धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>**प्रस्तावनाः**</u> धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २ मा संशोधनः**</u> धितोपत्र सम्बन्धी ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

(ग१) "केन्द्रीय निक्षेप सेवा" भन्नाले विद्युतीय (डिजिटल) माध्यमबाट सङ्गठित संस्थाको धितोपत्रको अभौतिकीकरण गर्ने र त्यस्तो धितोपत्रको केन्द्रीय अभिलेख राख्ने सेवा सम्झनु पर्छ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "डेरिभेटिभ" भन्नाले धितोपत्र बजारमा क्रेता र बिक्रेताबीच सूचीकृत धितोपत्र वा त्यसको मूल्य वा सूचकाङ्कको आधारमा

कम्तीमा तिस दिनपछि खरिद वा बिक्री गर्न गरिएको फर्वार्ड, फ्युचर्स, अप्सन वा स्वाप जस्ता धितोपत्र बजारमा कारोबार हुने करारजन्य वित्तीय उपकरण सम्झनु पर्छ र सो शब्दले बोर्डले समय समयमा डेरिभेटिभ भनी निर्धारण गरेको वित्तीय उपकरणलाई समेत जनाउँछ।"

(३) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "धितोपत्र" भन्नाले सङ्गठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिबेञ्चर, डिबेञ्चर स्टक वा सोसँग सम्बन्धित डेरिभेटिभ वा लगानी कोष वा लगानी योजनाको एकाइ, नेपाल सरकार, नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा नेपाल सरकारको जमानतमा सङ्गठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजारमार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले निर्धारण गरेको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्रलाई समेत जनाउँछ।"

(४) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छः-

"(त१) "विशिष्टीकृत लगानी कोष" भन्नाले बोर्डमा दर्ता भएको प्राइभेट इक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड, हेज फण्ड वा यस्तै प्रकृतिको अन्य कोष सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,–

(१) उपदफा (२) को,–

(क) खण्ड (ङ) र (च) झिकिएका छन्।

(ख) खण्ड (छ) मा रहेका "सात वर्षको" भन्ने शब्दहरुको सट्टा "दश वर्षको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) झिकिएको छ।

(३) उपदफा (८) मा रहेका "नेपाल राज्यभित्र वा बाहिर शाखा" भन्ने शब्दहरुको सट्टा "प्रादेशिक, शाखा" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को खण्ड (द) पछि देहायका खण्ड (द१), (द२), (द३), (द४) र (द५) थपिएका छन्:-

"(द१)धितोपत्र, सङ्गठित संस्था तथा डेरिभेटिभ सम्बन्धी नियमन र सुपरिवेक्षण गर्ने,

(द२) धितोपत्र बजारसँग सम्बन्धित विषयमा स्वदेशी तथा विदेशी निकायसँग समन्वय, सहकार्य र सो सम्बन्धमा समझदारी गर्ने,

(द३) धितोपत्र बजारलाई नियमन गर्ने निकाय वा पुँजी बजार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग आवश्यकता अनुसार तथ्याङ्क, सूचना वा विवरण आदान प्रदान गर्ने,

(द४) बोर्ड तथा सरोकारवाला निकाय समेतको लगानीमा धितोपत्र बजार र वस्तु विनिमय बजारको प्रवर्द्धन तथा त्यस्तो क्षेत्रका मानवस्रोत विकासको लागि नेपाल सरकारको स्वीकृति लिई प्रशिक्षण दिने संस्था स्थापना गर्ने,

(द५) पुँजी बजारको सहभागीका लागि मापदण्ड र व्यावसायिक योग्यता तोकी सोको कार्यान्वयनमा सहजीकरण र व्यावसायिकता प्रवर्धन गर्ने,"

५. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को,–

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सूचीकृत सङ्गठित संस्थाको पदाधिकारी,

तर सरकारी सेवामा बहाल रहेको व्यक्ति नेपाल सरकारबाट त्यस्तो संस्थाको पदाधिकारीमा नियुक्त वा मनोनयन भएको

रहेछ भने निजको हकमा यस खण्डको व्यवस्था लागू हुने छैन।"

(२) खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राखिएका छन्:-

"(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले कार्यसम्पादन गर्न असमर्थ रहेको व्यक्ति,"

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, ठगी वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको व्यक्ति,"

(३) खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ) र (ज) थपिएका छन्:-

"(च) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको व्यक्ति,

(छ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको व्यक्ति,

(ज) पैसठ्ठी वर्ष उमेर पूरा भएको व्यक्ति,"

६. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः—

"**१८. <u>स्वार्थ बाझिने कार्य गर्न नहुनेः</u>** (१) बोर्डको सदस्य वा कर्मचारीले बोर्डमा सुरु नियुक्ति हुँदा धितोपत्र, वस्तु र वस्तु करारमा आफ्नो कुनै स्वार्थ रहेको भएमा सोको स्वघोषणा गर्नु पर्नेछ।

(२) कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बोर्डको बैठकमा छलफल हुने रहेछ भने त्यस्तो छलफल सुरु हुनुभन्दा अगावै निजले सो सम्बन्धमा बोर्डलाई जानकारी दिई निर्णय प्रक्रियाबाट अलग हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै सदस्य बैठकबाट अलग भएको कारणले मात्र गणपूरक सङ्ख्या नपुग्ने भएमा बोर्डका बाँकी सदस्यले त्यस्तो विषयमा निर्णय गर्न बाधा पर्ने छैन।

(४) बोर्डको कुनै सदस्य वा कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा आफू र आफ्नो परिवारको स्वार्थसँग सम्बन्धित विषयमा निर्णय प्रक्रियाबाट अलग हुनु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "परिवार" भन्नाले सदस्य वा कर्मचारीको पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा,

सौतेनी आमा, सासू, ससुरा, दाजु, भाउजू, भाइ, बुहारी, दिदी वा बहिनी सम्झनु पर्छ।"

७. **<u>मूल ऐनको दफा ४२ मा संशोधनः</u>** मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (२) मा रहेका "आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "आर्थिक वर्ष समाप्त हुनु अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "सो म्याद समाप्त भएको तीन महिनासम्म" भन्ने शब्दहरुको सट्टा "अनुमतिपत्रको अवधि समाप्त भएको सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा ४५ मा संशोधनः</u>** मूल ऐनको दफा ४५ को खण्ड (क) मा रहेका "धितोपत्र कारोबारलाई" भन्ने शब्दहरुको सट्टा "धितोपत्र वा डेरिभेटिभ कारोबारलाई" भन्ने शब्दहरु राखिएका छन्।

९. **<u>मूल ऐनको दफा ५३ मा संशोधनः</u>** मूल ऐनको दफा ५३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुन सक्ने क्षतिबाट जोगाउन धितोपत्र बजारले तोकिए बमोजिम एक क्षतिपूर्ति कोषको स्थापना गर्नु पर्नेछ।"

१०. <u>**मूल ऐनमा परिच्छेद ४क. थपः**</u> मूल ऐनको परिच्छेद-४ पछि देहायको परिच्छेद-४क. थपिएको छः-

"**परिच्छेद-४क.**

<u>**केन्द्रीय निक्षेप सेवा सञ्चालन सम्बन्धी व्यवस्था**</u>

**५५क.**<u>**बोर्डको सहमति लिनु पर्नेः**</u> (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सङ्गठित संस्था संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डबाट सहमति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५ख.**<u>**केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र लिनु पर्नेः**</u> (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले बोर्डबाट निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र लिनु पर्नेछ।

(२) यस ऐन बमोजिम बोर्डबाट अनुमतिपत्रप्राप्त नगरी कसैले पनि केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न, गराउन वा केन्द्रीय निक्षेप सेवाको नाम प्रयोग गर्न हुँदैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत बोर्डबाट अनुमति लिई सञ्चालनमा रहेको केन्द्रीय निक्षेप सेवा कम्पनीले यसै दफा बमोजिम अनुमतिपत्र लिएको मानिनेछ।

(४) उपदफा (१) बमोजिम केन्द्रीय निक्षेप सेवा सञ्चालनको अनुमतिपत्र लिनको लागि देहायका विवरण तथा कागजात सहित तोकिए बमोजिमको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछः-

(क) सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा केन्द्रीय निक्षेप सेवा स्थापना र सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको,

(ख) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न तोकिए बमोजिमको खुद सम्पत्ति (नेटवर्थ) कायम भएको,

(ग) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गर्न सक्ने सुनिश्चितता भएको,

(घ) धितोपत्र बजारमा भएको कारोबारको हिसाब राफसाफ गर्ने र त्यसको अभिलेख तथा कारोबारको विवरण प्रकाशन गर्न सक्ने सुनिश्चितता भएको,

(ङ) आफ्ना सदस्यले गरेको कारोबारका सम्बन्धमा परेको उजुरी उपर उचित तवरले

छानबिन गर्न सक्ने सुनिश्चितता भएको,

(च) आफ्ना सदस्यले करार बमोजिम दायित्व पूरा नगरेमा निज उपर कारबाही गर्न सकिने गरी विनियममा व्यवस्था गरेको।

(५) उपदफा (४) बमोजिम निवेदन दिंदा निवेदन साथ तोकिए बमोजिमका अन्य कागजात, विवरण र दस्तुर समेत संलग्न गर्नु पर्नेछ।

(६) केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५ग. केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने:** (१) दफा ५५ख. को उपदफा (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात संलग्न गरेको देखिएको तथा निवेदकलाई केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिंदा लगानीकर्ताको हित हुने र त्यस्तो सेवा प्रभावकारी रुपमा सञ्चालन हुन सक्ने देखिएमा बोर्डले निवेदक सङ्गठित संस्थालाई तोकिएको ढाँचामा केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा बोर्डले पुँजी बजारको अवस्था, धितोपत्रको केन्द्रीय निक्षेप सेवाको प्रभावकारी सञ्चालन तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक सर्त तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकेको सर्त बोर्डले आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका सर्तको पालना गर्नु केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको कर्तव्य हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अवस्थामा सङ्गठित संस्थालाई धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने छैनः-

(क) दफा ५५ख. को उपदफा (४) बमोजिम निवेदनमा खुलाउनु पर्ने कुनै कुरा नखुलाएमा,

(ख) धितोपत्र कारोबारको विद्यमान अवस्थाको आधारमा निक्षेप सेवाको प्रभावकारी सञ्चालन हुन सक्ने नदेखिएमा वा त्यस्तो सेवा सञ्चालन गर्न आवश्यक नभएमा,

(ग) निवेदक सङ्गठित संस्थालाई अनुमतिपत्र दिँदा लगानीकर्ताको हित संरक्षण हुन सक्ने नदेखिएमा।

(६) उपदफा (५) बमोजिम केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न अनुमतिपत्र नदिने गरी निर्णय भएमा बोर्डले तीन कार्य दिनभित्र सोको कारण सहितको जानकारी सम्बन्धित सङ्गठित संस्थालाई दिनु पर्नेछ।

**५५घ. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्रको अवधि र नवीकरणः</u>** (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र जुन आर्थिक वर्षमा जारी गरिएको हो सोही आर्थिक वर्षको अन्त्यसम्म मात्र कायम रहनेछ।

(२) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले आर्थिक वर्ष समाप्त हुनु अगावै बोर्डमा तोकिए बमोजिमको वार्षिक शुल्क बुझाई केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण गर्न नसकेमा सो म्याद समाप्त भएको सात दिनभित्र वार्षिक शुल्कको पच्चीस प्रतिशत रकम जरिवाना तिरी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि त्यस्तो अनुमतिपत्र नवीकरण नगराउने सङ्गठित संस्थाको केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र बोर्डले खारेज गर्न सक्नेछ।

**५५ङ. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालनकर्ताको जिम्मेवारीः</u>** केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले गरेको केन्द्रीय निक्षेप तथा राफसाफ कारोबारको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित सङ्गठित संस्थाको सञ्चालक समितिको हुनेछ।

**५५च. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकारः</u>** केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय निक्षेप सेवाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) केन्द्रीय निक्षेप सेवामा दर्ता भएको धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने तथा लगानीकर्ताको माग अनुसार भौतिक रूपमा परिणत गर्ने,

(ग) केन्द्रीय निक्षेप सेवा प्रदान गर्न चाहने निक्षेप सदस्य व्यवसायीलाई सदस्यता प्रदान गर्ने र त्यस्तो

सदस्यको सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(घ) निक्षेप सदस्य वा निष्कासनकर्ताको धितोपत्र स्वीकार गरी लिनुअघि धितोपत्र बजार, निक्षेप सदस्य, धितोपत्र व्यवसायी, निष्कासनकर्ता सङ्गठित संस्था, सूचना प्रविधि सेवाप्रदायक संस्थासँग सम्झौता गर्ने,

(ङ) बोर्डमा दर्ता भएको निक्षेप सदस्यमार्फत कार्य सञ्चालन गर्ने,

(च) केन्द्रीय निक्षेप सेवामा दर्ता भएको धितोपत्रलाई धितो बन्धक वा रोक्कामा राखिएको अभिलेख राख्ने,

(छ) केन्द्रीय निक्षेपमा आफ्नो जिम्मामा रहेका सबै धितोपत्रको तथ्याङ्क वा सूचना सुरक्षित रूपमा राख्न प्रबन्ध मिलाउने,

(ज) निक्षेप सदस्य निष्कासनकर्तालाई प्रभावकारी विद्युतीय निक्षेप सेवा उपलब्ध गराउने तथा नियमन निकाय, धितोपत्र बजार लगायत आवश्यक संस्थासँग विद्युतीय सञ्चार सञ्जाल स्थापना गर्ने,

(झ) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्दा हितग्राहीलाई पर्न सक्ने जोखिम कम गरी हित रक्षा गर्न आवश्यक तथा पर्याप्त सतर्कता अपनाउने,

(ञ) धितोपत्र कारोबारसँग सम्बन्धित अन्य संस्थालाई केन्द्रीय निक्षेप सम्बन्धमा आवश्यक सहयोग उपलब्ध गराउने।"

**११. मूल ऐनमा दफा ५६क. थपः** मूल ऐनको दफा ५६ पछि देहायको दफा ५६क. थपिएको छः-

"**५६क. बोर्डको सहमति लिनु पर्नेः** (१) धितोपत्र व्यवसाय सञ्चालन गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डबाट सहमति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२. मूल ऐनको दफा ५७ मा संशोधनः** मूल ऐनको दफा ५७ को उपदफा (२) को खण्ड (ग) झिकिएको छ।

**१३. मूल ऐनको दफा ६१ मा संशोधनः** मूल ऐनको दफा ६१ को,-

(१) उपदफा (२) मा रहेका "आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा

"आर्थिक वर्ष समाप्त हुनु अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "सो म्याद समाप्त भएको तीन महिनासम्म" भन्ने शब्दहरुको सट्टा "अनुमतिपत्रको अवधि समाप्त भएको सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

१४. **मूल ऐनको दफा ६३ मा संशोधनः** मूल ऐनको दफा ६३ को उपदफा (१) को खण्ड (छ) र (झ) को सट्टा देहायका खण्ड (छ) र (झ) राखिएका छन्ः-

"(छ) डिपोजिटरी सेवा,

(झ) क्रेडिट रेटिङ्ग सेवा,"

१५. **मूल ऐनमा दफा ६३क. थपः** मूल ऐनको दफा ६३ पछि देहायको दफा ६३क. थपिएको छः—

"**६३क. मार्जिन प्रदान गर्न सक्नेः** (१) धितोपत्र व्यवसायीले लगानीकर्तालाई धितोपत्र कारोबारको लागि तोकिए बमोजिमको सीमासम्म मार्जिन प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने मार्जिन बापत लिन सक्ने ब्याजको अधिकतम सीमा, शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. **मूल ऐनको दफा ६८ मा संशोधनः** मूल ऐनको दफा ६८ को उपदफा (२) को खण्ड (ङ) झिकिएको छ।

१७. **<u>मूल ऐनको दफा ७० मा संशोधनः</u>** मूल ऐनको दफा ७० को खण्ड (ख) झिकिएको छ।

१८. **<u>मूल ऐनमा परिच्छेद ६क. थपः</u>** मूल ऐनको परिच्छेद–६ पछि देहायको परिच्छेद–६क. थपिएको छः-

**"परिच्छेद-६क.**

**<u>विशिष्टीकृत लगानी कोष सञ्चालन सम्बन्धी व्यवस्था</u>**

७५क.**<u>विशिष्टीकृत लगानी कोष व्यवस्थापकको लागि अनुमतिपत्र लिनु पर्नेः</u>** (१) बोर्डबाट कोष व्यवस्थापकको अनुमतिपत्र प्राप्त नगरी कसैले विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न, गराउन र त्यस्तो विशिष्टीकृत लगानी कोषको नाम प्रयोग गर्न हुँदैन।

(२) विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले त्यस्तो कोषको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम बोर्डबाट कोष व्यवस्थापक अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कोष व्यवस्थापक अनुमतिपत्र लिन चाहने सङ्गठित संस्थाले तोकिए बमोजिमको विवरण, कागजात तथा शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदनसाथ संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा निवेदक सङ्गठित संस्थालाई

विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न अनुमति दिँदा लगानीकर्ताको हित हुने देखिएमा बोर्डले त्यस्तो सङ्गठित संस्थालाई विशिष्टीकृत लगानी कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कोष व्यवस्थापक अनुमतिपत्र दिन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अवस्थामा विशिष्टीकृत लगानी कोष व्यवस्थापक अनुमतिपत्र दिने छैनः-

(क) उपदफा (३) बमोजिम तोकिएका विवरण, कागजात वा शुल्क पेश नगरेमा,

(ख) निवेदनसाथ संलग्न विवरण तथा कागजातबाट विशिष्टीकृत लगानी कोष प्रभावकारी रुपमा सञ्चालन हुन सक्ने नदेखिएमा,

(ग) विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न दिंदा अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुन सक्ने सम्भावना भएमा वा लगानीकर्ताको हित विपरीत हुने देखिएमा।

(६) यो दफा प्रारम्भ हुँदाका बखत बोर्डबाट अनुमति लिई सञ्चालनमा रहेको

विशिष्टीकृत लगानी कोष व्यवस्थापकले यसै दफा बमोजिम अनुमतिपत्र लिएको मानिनेछ।

(७) विशिष्टीकृत लगानी कोष व्यवस्थापकको सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७५ख.** **<u>विशिष्टीकृत लगानी कोष दर्ता गर्नु पर्नेः</u>** (१) दफा ७५क. को उपदफा (४) बमोजिम अनुमतिपत्रप्राप्त कोष व्यवस्थापकले विशिष्टीकृत लगानी कोष बोर्डमा दर्ता नगराई त्यस्तो कोष सञ्चालन गर्न, गराउन र त्यस्तो कोषको नाम प्रयोग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम कोष दर्ता गर्दा बोर्डले विशिष्टीकृत लगानी कोषको प्रभावकारी सञ्चालन तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक सर्त तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको सर्तको पालना गर्नु दफा ७५क. को उपदफा (४) बमोजिम अनुमतिपत्रप्राप्त कोष व्यवस्थापकको कर्तव्य हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विशिष्टीकृत लगानी कोष व्यवस्थापकले आफूले सञ्चालन गरेको विशिष्टीकृत

लगानी कोष तोकिए बमोजिमको अवधिभित्र बोर्डमा दर्ता गराउनु पर्नेछ।

(५) विशिष्टीकृत लगानी कोष दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**१९. <u>मूल ऐनको दफा ८२ मा संशोधनः</u>** मूल ऐनको दफा ८२ को उपदफा (३) झिकिएको छ।

**२०. <u>मूल ऐनको दफा ८४ मा संशोधनः</u>** मूल ऐनको दफा ८४ को उपदफा (२) मा रहेका ",धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि" भन्ने शब्दहरु झिकिएका छन्।

**२१. <u>मूल ऐनको दफा ८५ मा संशोधनः</u>** मूल ऐनको दफा ८५ को ठाउँ ठाउँमा रहेका ",धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि" भन्ने शब्दहरु झिकिएका छन्।

**२२. <u>मूल ऐनको दफा ८६ मा संशोधनः</u>** मूल ऐनको दफा ८६ को उपदफा (१) मा रहेका ",धितोपत्र व्यवसायीको प्रतिनिधि," र उपदफा (२) र (३) मा रहेका "धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि," भन्ने शब्दहरु झिकिएका छन्।

**२३. <u>मूल ऐनमा दफा ८६क. थपः</u>** मूल ऐनको दफा ८६ पछि देहायको दफा ८६क. थपिएको छः-

**"८६क. <u>बैङ्किङ्ग कारोबारको अभिलेख माग गर्न सक्नेः</u>**

(१) कुनै व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाले गरेको धितोपत्रसँग सम्बन्धित कारोबारको सम्बन्धमा कुनै जाँचबुझ गर्नु परेमा बोर्डले त्यस्तो कारोबार सम्बन्धी अभिलेख सम्बन्धित बैङ्क वा

वित्तीय संस्थाबाट उपलब्ध गराई दिन नेपाल राष्ट्र बैङ्कलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो अभिलेख लिई बोर्डलाई उपलब्ध गराई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेख गोप्य राखी जाँचबुझको लागि मात्र प्रयोग गर्नु पर्नेछ।"

२४. **<u>मूल ऐनको दफा ८७ मा संशोधनः</u>** मूल ऐनको दफा ८७ को,–

(१) उपदफा (१) मा रहेका ",धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेका "गर्नु पर्ने कुनै काम गर्न वा नगर्नु पर्ने कुनै काम नगर्न" भन्ने शब्दहरुको सट्टा "कुनै काम गर्न वा नगर्न" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि," भन्ने शब्दहरु झिकिएका छन्।

२५. **<u>मूल ऐनको दफा ८९ मा संशोधनः</u>** मूल ऐनको दफा ८९ को उपदफा (१) को खण्ड (झ) झिकिएको छ।

२६. **<u>मूल ऐनको दफा ९७ मा संशोधनः</u>** मूल ऐनको दफा ९७ को ठाउँ ठाउँमा रहेका " प्रकाशित गर्ने" भन्ने

शब्दहरुको सट्टा " त्यस्तो विवरण कुनै पनि माध्यमबाट प्रवाह वा प्रकाशन गर्ने" भन्ने शब्दहरु राखिएका छन्।

२७. **<u>मूल ऐनको दफा १०१ मा संशोधनः</u>** मूल ऐनको दफा १०१ को,–

(१) उपदफा (१) मा रहेका "बिगो बमोजिम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा पचास लाख रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा पाँच लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (३) मा रहेका "एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरुको सट्टा "बिगो

खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (४) मा रहेका "पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपदफा (५) मा रहेका "पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "पाँच लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा निर्देशन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई धितोपत्र निष्कासन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोबार सञ्चालन गरे वा गराएमा वा अनुमति नलिई केन्द्रीय निक्षेप सेवा वा विशिष्टीकृत लगानी कोष सञ्चालन गरे वा गराएमा वा ट्रष्टीको नियुक्ति गरे वा गराएमा त्यस्तो काम गर्ने वा गराउने

व्यक्तिलाई बोर्डले पाँच लाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

(७) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा सो अन्तर्गत जारी गरिएको आदेश बमोजिम तयार गर्नु पर्ने विवरण वा प्रतिवेदन वा कागजात तयार नगर्ने, दिनु पर्ने जानकारी नदिने वा पेश गर्नु पर्ने कागजात तथा विवरण तोकिएको समयभित्र पेश नगर्ने वा नियमन, निरीक्षण वा अनुगमन गर्दा बोर्ड वा सो कार्यको लागि बोर्डबाट खटिएको कुनै अधिकृतस्तरको कर्मचारीले माग गरेको कागजपत्र, विवरण, तथ्याङ्क वा अभिलेख तोकिएको अवधिभित्र उपलब्ध नगराउने धितोपत्र दर्ता गराउने सङ्गठित संस्था वा बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थालाई बोर्डले अन्य सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) म्याद नाघेको सात दिनसम्मको लागि दैनिक दश हजार रुपैयाँ,

(ख) म्याद नाघेको आठ दिनदेखि पन्ध्र दिनसम्मको लागि दैनिक पच्चीस हजार रुपैयाँ,

(ग) म्याद नाघेको सोह्र दिनदेखि पचास लाख रुपैयाँमा नबढ्ने गरी दैनिक पचास हजार रुपैयाँ।"

२८. **<u>मूल ऐनमा दफा १०१क. थपः</u>** मूल ऐनको दफा १०१ पछि देहायको दफा १०१क. थपिएको छः—

"**१०१क. <u>बोर्डले कारबाही गर्न सक्नेः</u>** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा निर्देशन बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगर्ने यस ऐन बमोजिम अनुमतिपत्रप्राप्त सङ्गठित संस्था, धितोपत्र दर्ता गराएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बोर्डले देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछः—

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) त्यस्तो सङ्गठित संस्थाको कारोबारमा आंशिक वा पूर्ण रूपमा प्रतिबन्ध लगाउने,

(ग) बोर्डले उपलब्ध गराउने सेवा निलम्बन गर्ने वा रोक्का राख्ने,

(घ) अनुमतिपत्र निलम्बन गर्ने वा खारेज गर्ने,

(ङ) सम्बन्धित संस्थाको सञ्चालक समितिलाई तलब, भत्ता लगायतका सुविधा उपलब्ध नगराउन आदेश दिने,

(च) पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित अनुमतिपत्रप्राप्त संस्थाको सञ्चालक समितिलाई आदेश दिने,

(छ) पाँच लाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना गर्ने।"

२९. <u>**मूल ऐनको दफा १०६ मा संशोधनः**</u> मूल ऐनको दफा १०६ को उपदफा (१) मा रहेका "र (७)" भन्ने शब्दहरु पछि "तथा दफा १०१क. को खण्ड (ख), (ग), (घ), (ङ) र (छ)" भन्ने शब्दहरू थपिएका छन्।

३०. <u>**मूल ऐनको दफा १०८ मा संशोधनः**</u> मूल ऐनको दफा १०८ को सट्टा देहायको दफा १०८ राखिएको छः-

"**१०८.** <u>**सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्यः**</u> (१) कसैले दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिम कुनै सजाय पाएमा त्यस्तो सजाय भुक्तान गरेको दश वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति बोर्डमा धितोपत्र दर्ता गराएको,

सार्वजनिक निष्कासन गरेको वा बोर्डबाट अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।

(२) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरेको दश वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति बोर्डमा धितोपत्र दर्ता गराएको, सार्वजनिक निष्कासन गरेको वा बोर्डबाट अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।

(३) यस ऐन बमोजिम बोर्डले गरेको कारबाहीको परिणामस्वरुप अनुमतिपत्रप्राप्त कुनै संस्थाको अनुमतिपत्र खारेज भएमा त्यस्तो संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पद धारण गरेको व्यक्ति अनुमतिपत्र खारेज भएको मितिले एक वर्ष पूरा नभएसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।"

**३१. <u>मूल ऐनमा दफा ११०क. थपः</u>** मूल ऐनको दफा ११० पछि देहायको दफा ११०क. थपिएको छः-

"**११०क. <u>ट्रष्टीको नियुक्तिः</u>** (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन, सामूहिक लगानी योजना सञ्चालन वा सुरक्षित ऋणपत्र जारी गर्ने सङ्गठित संस्थाले हितग्राही वा लगानीकर्ताको हित तथा स्वार्थ संरक्षणको लागि ट्रष्टी नियुक्त गर्नु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "ट्रष्टी" भन्नाले धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नको लागि धितोपत्र अन्तर्गत रहेको अभौतिक धितोपत्र तथा सामूहिक लगानी योजनामा भएको लगानीलाई आफ्नो संरक्षकत्वमा लिई सुरक्षा प्रत्याभूति प्रदान गर्ने र सो सम्बन्धमा आवश्यक अनुगमन तथा सुपरिवेक्षण गर्ने सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।"

(२) उपदफा (१) बमोजिम ट्रष्टी नियुक्त गर्दा अर्थशास्त्र, वित्तशास्त्र, कानून, लेखा, व्यवस्थापन वा पुँजी बजार सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र पैंतीस वर्ष उमेर पूरा भएको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम ट्रष्टीको नियुक्ति गर्दा एक जना कानून क्षेत्रको प्रतिनिधित्व हुने गरी फरक फरक क्षेत्रको कम्तीमा तीन जना

र बढीमा पाँच जना व्यक्तिलाई ट्रष्टीको रुपमा नियुक्त गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम ट्रष्टीको रुपमा नियुक्त भएको व्यक्तिले पदीय जिम्मेवारी पूरा नगरेमा सम्बन्धित सङ्गठित संस्थाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको ट्रष्टीले तोकिए बमोजिम हितग्राहीको प्रतिनिधित्व गर्ने र लगानीकर्ता वा हितग्राहीको अधिकतम हित हुने कार्य गर्नु पर्नेछ।

(६) ट्रष्टीको नियुक्ति, योग्यता, काम, कर्तव्य तथा अधिकार र शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३२. **<u>मूल ऐनमा दफा १११क. थपः</u>** मूल ऐनको दफा १११ पछि देहायको दफा १११क. थपिएको छः-

**"१११क. <u>अनुमतिपत्र प्राप्त संस्थामा काम गर्न नपाउनेः</u>** (१) अध्यक्ष भइसकेको व्यक्तिले पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थामा कुनै पदाधिकारीको हैसियतमा रही काम गर्न पाउने छैन।

(२) बोर्डको अधिकृत प्रथम श्रेणी वा सोभन्दा माथिको पदबाट हटेको वा अवकाश पाएको कर्मचारीले अवकाश पाएको मितिले दुई वर्षसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थामा कुनै पदाधिकारीको हैसियतमा रही काम गर्न पाउने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट नियुक्त हुने पदमा यस दफाको व्यवस्था लागू हुने छैन।"

**३३. <u>मूल ऐनको दफा ११६ मा संशोधनः</u>** मूल ऐनको दफा ११६ को उपदफा (२) को,–

(१) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः—

"(छ१) सामूहिक तथा विशिष्टीकृत लगानी कोष सम्बन्धमा,"

(२) खण्ड (ट) पछि देहायका खण्ड (ट१), (ट२), (ट३), (ट४), (ट५) र (ट६) थपिएका छन्ः—

"(ट१) धितोपत्रको डेरिभेटिभ कारोबार, केन्द्रीय निक्षेप सेवा, क्रेडिट रेटिङ्ग सेवा तथा तत्सम्बन्धी कार्य सम्बन्धमा,

(ट२) धितोपत्र दर्ता गराउने वा अनुमतिपत्रप्राप्त संस्था गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा,

(ट३) सूचीकृत धितोपत्रमा लगानी गर्ने उद्देश्यले स्थापित कम्पनीको नियमन सम्बन्धमा,

(ट४) धितोपत्र ट्रष्टीको नियुक्ति तथा नियमन सम्बन्धमा,

(ट५) धितोपत्र खरिदको लागि ग्राहकले भुक्तानी गरेको रकमको खाता र अभिलेख सम्बन्धमा,

(ट६) अनुमतिपत्र निलम्बन, रद्द वा खारेज गर्ने प्रक्रियाका सम्बन्धमा"

३४. **<u>मूल ऐनको दफा ११७ मा संशोधनः</u>** मूल ऐनको दफा ११७ को सट्टा देहायको दफा ११७ राखिएको छः-

"**११७. <u>विनियम बनाउन सक्नेः</u>** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्ने सङ्गठित संस्थाले बोर्डको स्वीकृति लिई देहायका विषयमा विनियम बनाउन सक्नेछः-

(क) धितोपत्र सूचीकरण तथा सूचीकृत धितोपत्रको कारोबार सम्बन्धमा,

(ख) सदस्यता, सदस्यता शुल्क, सदस्यको व्यावसायिक मर्यादा सम्बन्धमा,

(ग) धितोपत्र बजार स्वच्छ र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न कर्मचारीको सेवा र आचरण तथा बजार

निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले बोर्डको स्वीकृति लिई देहायका विषयमा विनियम बनाउन सक्नेछः-

(क) केन्द्रीय निक्षेप सेवा सञ्चालन,

(ख) निक्षेप सदस्य र सदस्यको सुपरिवेक्षण,

(ग) धितोपत्र कारोबार राफसाफ सम्बन्धी,

(घ) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको खरिद, आर्थिक प्रशासन तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी,

(ङ) केन्द्रीय निक्षेप सेवा तथा कारोबार राफसाफ सम्बन्धी अन्य आवश्यक विषय।"

**३५.** **खारेजः** मूल ऐनका दफा ६४, ६५, ६९ र ७९ खारेज गरिएका छन्।

# धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक तीन महले विवरण

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १ | दफा २ को खण्ड (ग) पछि खण्ड (ग१) थप। | हाल नभएको। | (ग१) "केन्द्रीय निक्षेप सेवा" भन्नाले विद्युतीय (डिजिटल) माध्यमबाट सङ्गठित संस्थाको धितोपत्रको अभौतिकीकरण गर्ने र त्यस्तो धितोपत्रको केन्द्रीय अभिलेख राख्ने सेवा सम्झनु पर्छ। | केन्द्रीय निक्षेप सेवा सम्बन्धी व्यवस्था ऐनमा प्रस्ताव गरिएको सन्दर्भमा केन्द्रीय निक्षेप सेवालाई ऐनमा परिभाषित गर्न आवश्यक भएकोले। |
| २ | दफा २ को खण्ड (घ) पछि खण्ड (घ१) थप। | हाल नभएको। | (घ१) "डेरिभेटिभ" भन्नाले धितोपत्र बजारमा क्रेता र बिक्रेताबीच सूचीकृत धितोपत्र वा त्यसको मूल्य वा सूचकाङ्कको आधारमा कम्तीमा तिस दिनपछि खरिद वा बिक्री गर्न गरिएको फर्वार्ड, फ्युचर्स, अप्सन वा स्वाप जस्ता धितोपत्र बजारमा कारोबार हुने करारजन्य वित्तीय उपकरण सम्झनु पर्छ र | हालको ऐनमा डेरिभेटिभको परिभाषा नभएकोले परिभाषित गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | सो शब्दले बोर्डले समय समयमा डेरिभेटिभ भनी निर्धारण गरेको वित्तीय उपकरणलाई समेत जनाउँछ।" | |
| ३ | दफा २ को खण्ड (च) को सट्टा खण्ड (च) राखिएको। | (च) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्बन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋृणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो | (च) "धितोपत्र" भन्नाले सङ्गठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिबेञ्चर, डिबेञ्चर स्टक वा सोसँग सम्बन्धित डेरिभेटिभ वा लगानी कोष वा लगानी योजनाको एकाइ, नेपाल सरकार, नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा नेपाल सरकारको जमानतमा सङ्गठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजारमार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनी बोर्डले निर्धारण गरेको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय | डेरिभेटिभ तथा सामूहिक लगानी कोषले जारी गर्ने इकाई पनि धितोपत्र भएकोले धितोपत्रको परिभाषामा समेट्न उपयुक्त हुने तथा प्रदेश सरकारले पनि ऋणपत्र, बचतपत्र वा बण्ड निष्काशन गर्न सक्ने भएकोले सोलाई धितोपत्रको परिभाषामा उल्लेख गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | धितोपत्र खरीद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ। | गर्न सक्ने अधिकारपत्रलाई समेत जनाउँछ।“ | |
| ४ | दफा २ को खण्ड (त) पछि खण्ड (त१) थप। | साविकमा नभएको | (त१) “विशिष्टीकृत लगानी कोष” भन्नाले बोर्डमा दर्ता भएको प्राइभेट इक्विटी फण्ड, भेञ्चर क्यापिटल फण्ड, हेज फण्ड वा यस्तै प्रकृतिको अन्य कोष सम्झनु पर्छ।“ | विशिष्टीकृत लगानी कोष सम्बन्धी व्यवस्था ऐनमा प्रस्ताव गरिएको सन्दर्भमा सोको परिभाषा गर्न आवश्यक भएकोले। |
| ५ | दफा ३ को उपदफा (२) को खण्ड (ङ) र (च) मा संशोधन। | (ङ) प्रतिनिधि, नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था- सदस्य<br>(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ- सदस्य | झिकिएका | स्वार्थ बाझिने सक्ने अवस्थालाई न्यूनीकरण गर्न यी संस्थाका प्रतिनिधिलाई वोर्ड सदस्य नहुने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ६ | दफा ३ को | (छ) अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, | (छ) अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, | अनुभवको अवधि बढाउन |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | उपदफा (२) को खण्ड (छ) मा संशोधन। | वित्तीय, वाणिज्य वा कानून विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार, व्यवस्थापन, पूँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा **सात वर्षको** अनुभव प्राप्त गरेका विज्ञहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना-सदस्य | वित्तीय, वाणिज्य वा कानून विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार, व्यवस्थापन, पूँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा **दश वर्षको** अनुभव प्राप्त गरेका विज्ञहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना-सदस्य | आवश्यक भएकोले। |
| ७ | दफा ३ को उपदफा (३) झिकिएको। | (३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि मनोनयन गर्दा कम्तीमा स्नातक उपाधि हासिल गरी लेखा, उद्योग, वाणिज्य, वित्तीय, बैङ्किङ्ग, आर्थिक वा कानून विषयमा कम्तीमा | झिकिएका | उपदफा (२) को खण्ड (ङ) र (च) झिकिएको हुँदा प्रस्तुत व्यवस्था तत् तत् निकायका प्रतिनिधिको योग्यतासँग सम्बन्धित भएकोले। |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | सात वर्ष काम गरेको अनुभव भएको व्यक्तिलाई मनोनयन गर्नुपर्नेछ । | | |
| ८ | दफा ३ को उपदफा (८) मा संशोधन | (८) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार **नेपाल राज्यभित्र वा बाहिर शाखा** वा सम्पर्क कार्यालय खोल्न सक्नेछ। | (८) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार नेपाल राज्यभित्र **प्रादेशिक शाखा** वा सम्पर्क कार्यालय खोल्न सक्नेछ। | देशको संघीय संरचना अनुसार प्रादेशिक रुपमा शाखा खोल्न व्यवस्था गर्न आवश्यक भएकोले। |
| ९ | दफा ५ को खण्ड (द) पछि खण्डहरू (द१), (द२), (द३), (द४) र (द५) थप। | साविकमा नभएको | (द१) धितोपत्र, सङ्गठित संस्था तथा डेरिभेटिभ सम्बन्धी नियमन र सुपरिवेक्षण गर्ने,<br>(द२) धितोपत्र बजारसँग सम्बन्धित विषयमा स्वदेशी तथा विदेशी निकायसँग समन्वय, सहकार्य र सो सम्बन्धमा समझदारी गर्ने,<br>(द३) धितोपत्र बजारलाई नियमन गर्ने निकाय वा पुँजी बजार सम्बन्धी राष्ट्रिय | बोर्डको कार्य क्षेत्रलाई सामयिक रुपमा परिमार्जन गर्न आवश्यक रहेको बोर्ड IOSCO को एशोसियट सदस्य भैसकेको र पूर्ण सदस्य हुने क्रममा रहेको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय निकायसँग सम्बन्धमा तथा समन्वय |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | तथा अन्तर्राष्ट्रिय निकायसँग आवश्यकता अनुसार तथ्याङ्क, सूचना वा विवरण आदान प्रदान गर्ने,<br>(द४) बोर्ड तथा सरोकारवाला निकाय समेतको लगानीमा धितोपत्र बजार र वस्तु विनिमय बजारको प्रवर्द्धन तथा त्यस्तो क्षेत्रका मानवस्रोत विकासको लागि नेपाल सरकारको स्वीकृति लिई प्रशिक्षण दिने संस्था स्थापना गर्ने,<br>(द५) पुँजी बजारको सहभागीका लागि मापदण्ड र व्यावसायिक योग्यता तोकी सोको कार्यान्वयनमा सहजीकरण र व्यावसायिकता प्रवर्धन गर्ने, | आवश्यक रहेको तथा धितोपत्र बजारको विकास र लगानीकर्ताको हक हित संरक्षण गर्ने सन्दभमा बोर्डले आवश्यकतानुसार संस्था स्थापना गर्न सक्ने कानुनी व्यवस्था गर्न आवश्यक भएकोले। |
| १० | दफा ११ को खण्ड (ख) | साविकमा नभएको। | (ख१) सूचीकृत सङ्गठित संस्थाको पदाधिकारी, | बोर्डको अध्यक्ष वा सदस्यको सम्भावित स्वार्थ बाझिन सक्ने |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | पछि खण्ड (ख१) थप। | | तर सरकारी सेवामा बहाल रहेको व्यक्ति नेपाल सरकारबाट त्यस्तो संस्थाको पदाधिकारीमा नियुक्त वा मनोनयन भएको रहेछ भने निजको हकमा यस खण्डको व्यवस्था लागू हुने छैन। | जोखिमलाई हटाउन आवश्यक भएकोले। |
| ११ | दफा ११ को खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राखिएको | (घ) बहुलाएको व्यक्ति,<br><br>(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति । | (घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले कार्यसम्पादन गर्न असमर्थ रहेको व्यक्ति,<br><br>(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, ठगी वा नैतिक पतन देखिने | शारीरिक वा मानसिक अस्वस्थता भएका व्यक्तिको हकमा सम्मानजनक शब्द प्रयोग गर्न।<br>वोर्डको अध्यक्ष तथा सदस्यको अयोग्यतामा गम्भीर प्रकृतिका कसूरहरु थप गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको व्यक्ति," | |
| १२ | दफा ११ को खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ) र (ज) थपिएको | साविकमा नभएको | (च) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको व्यक्ति,<br>(छ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको व्यक्ति,<br>(ज) पैसठ्ठी वर्ष उमेर पूरा भएको व्यक्ति," | अध्यक्ष तथा सदस्य हुन अयोग्यताका विषय थप गर्न आवश्यक भएकोले। |
| १३ | दफा १८ को सट्टा देहायको दफा १८ राखिएको। | १८.**<u>निजी स्वार्थका सम्बन्धमा जानकारी दिनु पर्नेः</u>** कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बोर्डको बैठकमा छलफल हुने रहेछ भने सो छलफल शुरु हुनु भन्दा अगावै निजले | **१८. <u>स्वार्थ बाझिने कार्य गर्न नहुनेः</u>** (१) बोर्डको सदस्य वा कर्मचारीले बोर्डमा सुरु नियुक्ति हुँदा धितोपत्र, वस्तु र वस्तु करारमा आफ्नो कुनै स्वार्थ रहेको भएमा सोको स्वघोषणा गर्नु पर्नेछ। | बोर्डको सदस्य वा कर्मचारीको धितोपत्र, वस्तु र वस्तु करार सम्बन्धमा स्वार्थ बाझिन सक्ने सम्बन्धमा रहेको बिद्यमान व्यवस्थालाई थप स्पष्ट तथा पारदर्शी एवं |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | सो बारेमा बोर्डलाई जानकारी दिनु पर्नेछ। बोर्डले अनुमति दिएमा बाहेक त्यस्तो सदस्यले सो प्रस्ताव उपर हुने छलफल तथा निर्णयमा भाग लिन र आफ्नो मत प्रकट गर्न पाउने छैन।<br>तर बैठकको गणपुरक संख्या पुऱ्याउनको लागि भने त्यस्तो सदस्यको उपस्थिति मान्य हुनेछ। | (२) कुनै सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बोर्डको बैठकमा छलफल हुने रहेछ भने त्यस्तो छलफल सुरु हुनुभन्दा अगावै निजले सो सम्बन्धमा बोर्डलाई जानकारी दिई निर्णय प्रक्रियाबाट अलग हुनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम कुनै सदस्य बैठकबाट अलग भएको कारणले मात्र गणपूरक सङ्ख्या नपुग्ने भएमा बोर्डका बाँकी सदस्यले त्यस्तो विषयमा निर्णय गर्न बाधा पर्ने | व्यवस्थित बनाउन आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | | छैन।<br>(४) बोर्डको कुनै कर्मचारी वा पदाधिकारीले आफ्नो कर्तव्य पालना गर्दा आफू र आफ्नो एकाघर परिवारको स्वार्थसँग सम्बन्धित विषयको निर्णय प्रक्रियाबाट अलग हुनु पर्नेछ।<br>**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनका लागि "परिवार" भन्नाले सदस्य वा कर्मचारीको पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बावु, आमा, सौतेनी आमा, सासू, ससुरा, दाजु, भाउजू, भाइ, बुहारी, दिदी | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | वा बहिनी सम्झनु पर्छ।" | |
| १४ | दफा ४२ को उपदफा (२) र (३) मा संशोधन। | (२) धितोपत्र बजार सञ्चालन गर्ने संगठित संस्थाले प्रत्येक **आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र** तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डमा बुझाई धितोपत्र बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्न नसकेमा **सो म्याद समाप्त भएको तीन महिनासम्म** वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिबाना तिरी सो अनुमतिपत्र | (२) धितोपत्र बजार सञ्चालन गर्ने संगठित संस्थाले प्रत्येक **आर्थिक वर्ष समाप्त हुनु अगावै** तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डमा बुझाई धितोपत्र बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्न नसकेमा **अनुमतिपत्रको अवधि समाप्त भएको सात दिनभित्र** वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिबाना तिरी सो अनुमतिपत्र नवीकरण | अनुमतिपत्र नवीकरण सम्बन्धी कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक भएकोले। |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | नवीकरण गराउन सकिनेछ। | गराउन सकिनेछ। | |
| १५ | दफा ४५ को खण्ड (क) मा संशोधन। | (क) आफू मार्फत हुने <u>**धितोपत्र कारोबारलाई**</u> स्वच्छ र नियमित रुपमा संचालन गर्ने गराउने, | (क) आफू मार्फत हुने <u>**धितोपत्र वा डेरिभेटिभ कारोबारलाई**</u> स्वच्छ र नियमित रूपमा सञ्चालन गर्ने गराउने, | धितोपत्र साथै डेरिभेटिभ कारोबारलाई समेत समेट्न आवश्यक भएकोले। |
| १६ | दफा ५३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको। | (१) धितोपत्र बजारले लगानीकर्ताहरुलाई हुन सक्ने सम्भावित क्षतिबाट जोगाउन बोर्डले तोकिदिए बमोजिम एउटा क्षतिपूर्ति कोषको स्थापना र संचालन गर्नु पर्नेछ। | (१) धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्तालाई हुन सक्ने क्षतिबाट जोगाउन धितोपत्र बजारले तोकिए बमोजिम एक क्षतिपूर्ति कोषको स्थापना गर्नु पर्नेछ। | धितोपत्र कारोबारको प्रणालीगत वा अन्य संरचनागत त्रुटीले लगानीकर्तालाई क्षति हुन दिन नहुने सन्दर्भमा सोही बमोजिम भाषा मिलाइएको। |
| १७ | परिच्छेद ४ पछि परिच्छेद-४क. थप। | साविकमा नभएको। | **परिच्छेद—४क.**<br><u>**केन्द्रीय निक्षेप सेवा सञ्चालन सम्बन्धी व्यवस्था**</u><br>**५५क.बोर्डको सहमति लिनु पर्नेः** (१) | हाल नियमावली मार्फत केन्द्रीय निक्षेप सेवा सम्बन्धी कार्यहरु भएकोमा यस सम्बन्धी सारवान प्रकृतिका |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सङ्गठित संस्था संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम बोर्डबाट सहमति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>**५५ख. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र लिनु पर्नेः</u>** (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले बोर्डबाट त्यस्तो निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र लिनु पर्नेछ।<br>(२) यस ऐन बमोजिम बोर्डबाट अनुमतिपत्रप्राप्त नगरी कसैले पनि केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न, गराउन वा केन्द्रीय | व्यवस्थालाई ऐनमा नै समावेश गर्न आवश्यक रहेको भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | निक्षेप सेवाको नाम प्रयोग गर्न हुँदैन।<br>(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत बोर्डबाट अनुमति लिई सञ्चालनमा रहेको केन्द्रीय निक्षेप सेवा कम्पनीले यसै दफा बमोजिम अनुमतिपत्र लिएको मानिनेछ।<br>(४) उपदफा (१) बमोजिम केन्द्रीय निक्षेप सेवा सञ्चालनको अनुमतिपत्र लिनको लागि देहायका विवरण तथा कागजात सहित तोकिए बमोजिमको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछः-<br>(क) सङ्गठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा केन्द्रीय | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | निक्षेप सेवा स्थापना र सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको,<br>(ख) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न तोकिए बमोजिमको खुद सम्पत्ति (नेटवर्थ) कायम भएको,<br>(ग) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गर्न सक्ने सुनिश्चितता भएको,<br>(घ) धितोपत्र बजारमा | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | भएको कारोबारको हिसाब राफसाफ गर्ने र त्यसको अभिलेख तथा कारोबारको विवरण प्रकाशन गर्न सक्ने सुनिश्चितता भएको,<br>(ङ) आफ्ना सदस्यले गरेको कारोबारका सम्बन्धमा परेको उजुरी उपर उचित तवरले छानबिन गर्न सक्ने सुनिश्चितता भएको,<br>(च) आफ्ना सदस्यले | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | | करार बमोजिम दायित्व पूरा नगरेमा निज उपर कारबाही गर्न सकिने गरी विनियममा व्यवस्था गरेको।<br>(५) उपदफा (४) बमोजिम निवेदन दिंदा निवेदन साथ तोकिए बमोजिमका अन्य कागजात, विवरण र दस्तुर समेत संलग्न गर्नु पर्नेछ।<br>(६) केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>**५५ग. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने</u>:** (१) दफा ५५ख. को | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | उपदफा (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात संलग्न गरेको देखिएको तथा निवेदकलाई केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र दिँदा लगानीकर्ताको हित हुने र त्यस्तो सेवा प्रभावकारी रुपमा सञ्चालन हुन सक्ने देखिएमा बोर्डले निवेदक सङ्गठित संस्थालाई तोकिएको ढाँचामा केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा बोर्डले पुँजी बजारको अवस्था, धितोपत्रको केन्द्रीय निक्षेप सेवाको प्रभावकारी सञ्चालन तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक सर्त तोक्न सक्नेछ। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (३) उपदफा (२) बमोजिम तोकेको सर्त बोर्डले आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।<br>(४) उपदफा (२) र (३) बमोजिमका सर्तको पालना गर्नु केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको कर्तव्य हुनेछ।<br>(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अवस्थामा सङ्गठित संस्थालाई धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र दिने छैनः-<br>(क) दफा ५५ख. को उपदफा (४) बमोजिम निवेदनमा | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | खुलाउनु पर्ने कुनै कुरा नखुलाएमा,<br>(ख) धितोपत्र कारोबारको विद्यमान अवस्थाको आधारमा निक्षेप सेवाको प्रभावकारी सञ्चालन हुन सक्ने नदेखिएमा वा त्यस्तो सेवा सञ्चालन गर्न आवश्यक नभएमा,<br>(ग) निवेदक सङ्गठित संस्थालाई अनुमतिपत्र दिँदा लगानीकर्ताको हित संरक्षण हुन सक्ने नदेखिएमा। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (६) उपदफा (५) बमोजिम केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न अनुमतिपत्र नदिने गरी निर्णय भएमा बोर्डले तीन कार्य दिनभित्र सोको कारण सहितको जानकारी सम्बन्धित सङ्गठित संस्थालाई दिनु पर्नेछ।<br>**५५घ. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्रको अवधि र नवीकरणः</u>** (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र जुन आर्थिक वर्षमा जारी गरिएको हो सोही आर्थिक वर्षको अन्त्यसम्म मात्र कायम रहनेछ।<br>(२) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले आर्थिक वर्ष समाप्त हुनु अगावै बोर्डमा तोकिए | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | बमोजिमको वार्षिक शुल्क बुझाई केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण गर्न नसकेमा सो म्याद समाप्त भएको सात दिनभित्र वार्षिक शुल्कको पच्चीस प्रतिशत रकम जरिवाना तिरी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन सकिनेछ।<br>(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि त्यस्तो अनुमतिपत्र नवीकरण नगराउने सङ्गठित संस्थाको केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमतिपत्र बोर्डले खारेज गर्न सक्नेछ।<br>**५५ङ. केन्द्रीय निक्षेप सेवा** | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | **<u>सञ्चालनकर्ताको जिम्मेवारी:</u>** केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले गरेको केन्द्रीय निक्षेप तथा राफसाफ कारोबारको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित सङ्गठित संस्थाको सञ्चालक समितिको हुनेछ।<br>**५५च. <u>केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकार:</u>** केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) केन्द्रीय निक्षेप सेवाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,<br>(ख) केन्द्रीय निक्षेप सेवामा दर्ता भएको धितोपत्रलाई विद्युतीय रूपमा | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | परिवर्तन गरी निक्षेप राख्ने तथा लगानीकर्ताको माग अनुसार भौतिक रूपमा परिणत गर्ने,<br>(ग) केन्द्रीय निक्षेप सेवा प्रदान गर्न चाहने निक्षेप सदस्य व्यवसायीलाई सदस्यता प्रदान गर्ने र त्यस्तो सदस्यको सुपरिवेक्षण तथा अनुगमन गर्ने,<br>(घ) निक्षेप सदस्य वा निष्काशनकर्ताको धितोपत्र स्वीकार गरी लिनुअघि धितोपत्र बजार, निक्षेप सदस्य, धितोपत्र व्यवसायी, निष्काशनकर्ता सङ्गठित संस्था, सूचना प्रविधि सेवाप्रदायक संस्थासँग सम्झौता गर्ने, | |

| क्र.सं. | दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (ङ) बोर्डमा दर्ता भएको निक्षेप सदस्यमार्फत कार्य सञ्चालन गर्ने,<br>(च) केन्द्रीय निक्षेप सेवामा दर्ता भएको धितोपत्रलाई धितो बन्धक वा रोक्कामा राखिएको अभिलेख राख्ने,<br>(छ) केन्द्रीय निक्षेपमा आफ्नो जिम्मामा रहेका सबै धितोपत्रको तथ्याङ्क वा सूचना सुरक्षित रूपमा राख्न प्रबन्ध मिलाउने,<br>(ज) निक्षेप सदस्य निष्कासनकर्तालाई प्रभावकारी विद्युतीय निक्षेप सेवा उपलब्ध गराउने तथा नियमन निकाय, धितोपत्र बजार लगायत आवश्यक संस्थासँग विद्युतीय सञ्चार सञ्जाल स्थापना गर्ने, | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (झ) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्दा हितग्राहीलाई पर्न सक्ने जोखिम कम गरी हित रक्षा गर्न आवश्यक तथा पर्याप्त सतर्कता अपनाउने,<br>(ञ) धितोपत्र कारोबारसँग सम्बन्धित अन्य संस्थालाई केन्द्रीय निक्षेप सम्बन्धमा आवश्यक सहयोग उपलब्ध गराउने। | |
| १८ | दफा ५६ पछि देहायको दफा ५६क. थपिएको। | साविकमा नभएको। | **५६क. <u>बोर्डको सहमति लिनु पर्नेः</u>** (१) धितोपत्र व्यवसाय सञ्चालन गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गर्नुअघि बोर्डको सहमति लिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम बोर्डबाट सहमति लिने सम्बन्धी अन्य | धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र प्रदान गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| १९ | दफा ५७ को उपदफा (२) को खण्ड (ग) मा संशोधन। | (ग) धितोपत्र बजारको सदस्यता लिएर मात्र व्यवसाय गर्न पाउने तोकिए बमोजिमका व्यवसायीका हकमा सम्बन्धित धितोपत्र बजारको सिफारिस पत्र, | झिकिएको | बिद्यमान व्यवस्थाले धितोपत्र बजारको सदस्यता लिएर मात्र व्यवसाय गर्न पाउने व्यवसायीलाई धितोपत्र बजारको सिफारिसविना अनुमतिपत्र प्रदान गर्न नै नसकिने अवस्था रहेको, सोबाट नियमनकारी निकायले बजारको आवश्यकता अनुसार धितोपत्र व्यवसायीको अनुमतिपत्र प्रदान गर्न नसक्ने अवस्था देखिएको र सोबाट नियमनकारी निकायको अधिकारमा संकुचन समेत |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | | आउने भएकोले। |
| २० | दफा ६१ को उपदफा (२) र (३) मा संशोधन। | (२) धितोपत्र व्यवसायीले प्रत्येक **आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र** तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डलाई बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई नवीकरण गर्न नसकेमा **सो म्याद समाप्त भएको तीन महिनासम्म** वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिबाना तिरी त्यस्तो अनुमतिपत्र | (२) धितोपत्र व्यवसायीले प्रत्येक **आर्थिक वर्ष समाप्त हुनु अगावै** तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डलाई बुझाई त्यस्तो अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिमको म्यादभित्र वार्षिक शुल्क बुझाई नवीकरण गर्न नसकेमा **अनुमतिपत्रको अवधि समाप्त भएको सात दिनभित्र** वार्षिक शुल्कको पच्चीस प्रतिशत जरिबाना तिरी त्यस्तो | अनुमतिपत्र नवीकरण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न र नवीकरण नगरी आर्थिक वर्ष सकिएको लामो समयसम्म पनि कारोबार गर्ने प्रकृट्टीघँई रोकी प्रभावकारी नियमन गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | नवीकरण गराउन सकिनेछ। | अनुमतिपत्र नवीकरण गराउन सकिनेछ। | |
| २१ | दफा ६३ को उपदफा (१) को खण्ड (छ) र (झ) को सट्टा देहायको खण्ड (छ) र (झ) राखिएको। | (छ) धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रीय निक्षेप सेवा वा डिपोजिटरी (कस्टोडियल) सेवा,<br>(झ) बजार निर्माता, | (छ) डिपोजिटरी सेवा,<br>(झ) क्रेडिट रेटिङ्ग सेवा, | डिपोजिटरी, कस्टोडियल सेवा तथा क्रेडिट रेटिङ्ग सम्बन्धी सेवालाई समेत धितोपत्र व्यवसायको किसिमको रुपमा समावेश गर्न आवश्यक भएकोले। |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र.सं. | दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| २२ | दफा ६३ पछि दफा ६३क. थप। | हाल नभएको | **६३क.** **<u>मार्जिन प्रदान गर्न सक्नेः</u>** (१) धितोपत्र व्यवसायीले लगानीकर्तालाई धितोपत्र कारोबारको लागि तोकिए बमोजिमको सीमासम्म मार्जिन प्रदान गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्रदान गर्ने मार्जिन बापत लिन सक्ने ब्याजको अधिकतम सीमा, शुल्क तथा मार्जिन कारोबार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | धितोपत्र व्यवसायीले लगानीकर्तालाइ प्रदान गर्ने मार्जिन सम्बन्धी व्यवस्था ऐनमा समावेश गर्दा यस्को कार्यान्वयनमा सहज हुने भएको आवश्यक भएकोले। |
| २३ | दफा ६८ को उपदफा (२) को खण्ड (ङ) | (ङ) आधिकारिक प्रतिनिधिको नाम र ठेगाना, | झिकिएको | बिगतमा धितोपत्र दलाल व्यवसाय प्राकृतिक व्यक्तिले समेत गर्न पाउने सन्दर्भमा |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | मा संशोधन। | | | अधिकार प्रत्यायोजन गरी निजको तर्फबाट कतिपय कार्यहरु गर्न सक्ने व्यवस्था गरिएको र हाल सवै प्रकारका धितोपत्र व्यवसाय कम्पनी वा संगठित संस्था मार्फत मात्र गर्ने व्यवस्था भएको सन्दर्भमा प्रतिनिधि वा आधिकारिक प्रतिनिधि सम्बन्धी व्यवस्थाको प्रयोजन नरहेकोल। |
| २४ | दफा ७० को खण्ड (ख) मा संशोधन। | (ख) कुनै आधिकारिक प्रतिनिधिले प्रतिनिधिको रुपमा कार्य गर्न छोडेमा, | झिकिएको | धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था हटाउने भएकोले । |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| २५ | परिच्छेद-६ पछि परिच्छेद ६क. थप। | हाल नभएको। | **परिच्छेद-६क.**<br>**विशिष्टीकृत लगानी कोष सञ्चालन सम्बन्धी व्यवस्था**<br>**७५क. विशिष्टीकृत लगानी कोष व्यवस्थापकको लागि अनुमतिपत्र लिनु पर्नेः** (१) बोर्डबाट कोष व्यवस्थापकको अनुमतिपत्र प्राप्त नगरी कसैले विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न, गराउन र त्यस्तो विशिष्टीकृत लगानी कोषको नाम प्रयोग गर्न हुँदैन।<br>(२) विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न चाहने सङ्गठित संस्थाले त्यस्तो कोषको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम बोर्डबाट कोष व्यवस्थापक | हाल नियमावली मार्फत विशिष्टीकृत लगानी कोष सम्बन्धी कार्यहरु भएकोमा यस सम्बन्धी सारवान प्रकृतिका व्यवस्थालाई ऐनमा नै समावेश गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | अनुमतिपत्र लिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम कोष व्यवस्थापक अनुमतिपत्र लिन चाहने सङ्गठित संस्थाले तोकिए बमोजिमको विवरण, कागजात तथा शुल्क सहित बोर्डमा निवेदन दिनु पर्नेछ।<br>(४) उपदफा (३) बमोजिमको निवेदनसाथ संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा निवेदक सङ्गठित संस्थालाई विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न अनुमति दिँदा लगानीकर्ताको हित हुने देखिएमा बोर्डले त्यस्तो सङ्गठित संस्थालाई विशिष्टीकृत लगानी कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कोष व्यवस्थापक अनुमतिपत्र दिन सक्नेछ। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले देहायका अवस्थामा विशिष्टीकृत लगानी कोष व्यवस्थापक अनुमतिपत्र दिने छैनः-<br>(क) उपदफा (३) बमोजिम तोकिएका विवरण, कागजात वा शुल्क पेश नगरेमा,<br>(ख) निवेदनसाथ संलग्न विवरण तथा कागजातबाट विशिष्टीकृत लगानी कोष प्रभावकारी रुपमा सञ्चालन हुन सक्ने नदेखिएमा, | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (ग) विशिष्टीकृत लगानी कोष सञ्चालन गर्न दिंदा अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुन सक्ने सम्भावना भएमा वा लगानीकर्ताको हित विपरीत हुने देखिएमा।<br>(६) यो दफा प्रारम्भ हुँदाका बखत बोर्डबाट अनुमति लिई सञ्चालनमा रहेको विशिष्टीकृत लगानी कोष व्यवस्थापकले यसै दफा बमोजिम अनुमतिपत्र लिएको मानिनेछ।<br>(७) विशिष्टीकृत लगानी कोष | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | | व्यवस्थापकको सञ्चालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>**७५ख. विशिष्टीकृत लगानी कोष दर्ता गर्नु पर्नेः** (१) दफा ७५क. को उपदफा (४) बमोजिम अनुमतिपत्रप्राप्त कोष व्यवस्थापकले विशिष्टीकृत लगानी कोष बोर्डमा दर्ता नगराई त्यस्तो कोष सञ्चालन गर्न, गराउन र त्यस्तो कोषको नाम प्रयोग गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिम कोष दर्ता गर्दा बोर्डले विशिष्टीकृत लगानी कोषको प्रभावकारी सञ्चालन तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी आवश्यक सर्त तोक्न सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | तोकिएको सर्तको पालना गर्नु दफा ७५क. को उपदफा (४) बमोजिम अनुमतिपत्रप्राप्त कोष व्यवस्थापकको कर्तव्य हुनेछ।<br>(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विशिष्टीकृत लगानी कोष व्यवस्थापकले आफूले सञ्चालन गरेको विशिष्टीकृत लगानी कोष तोकिए बमोजिमको अवधिभित्र बोर्डमा दर्ता गराउनु पर्नेछ।<br>(५) विशिष्टीकृत लगानी कोष दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| २६ | दफा ८२ को | (३) उपदफा (१) वा (२) | झिकिएको | अस्पष्ट रहेको तथा उपदफा |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | उपदफा (३) मा संशोधन। | मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र लेखापरीक्षण हुन नसकेको कारणबाट हिसाब तथा विवरण पेश गर्न नसक्ने धितोपत्र व्यवसायीले पछि लेखापरीक्षण भइसकेपछि वास्तविक हिसाब तथा विवरण बुझाउने गरी लेखापरीक्षण भइनसकेको हिसाब तथा विवरण बुझाउन सक्नेछ। | | (१) र (२) सँग सम्बन्धित विषय नभई लेखा परीक्षणसँग सम्बन्धित विषय भएकोले। |
| २७ | दफा ८४ को उपदफा (२) मा संशोधन। | (२) बोर्ड आफैले वा अरु कसैलाई आफुलाई भएको अधिकार प्रत्यायोजन गरी धितोपत्र बजार, धितोपत्र व्यवसायी**, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि** तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले गर्ने धितोपत्र सम्बन्धी काम कारबाहीको | (२) बोर्ड आफैले वा अरु कसैलाई आफुलाई भएको अधिकार प्रत्यायोजन गरी धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले गर्ने धितोपत्र सम्बन्धी काम कारबाहीको नियमन तथा अनुगमन गर्न गराउन सक्नेछ। | धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था हटाउने प्रस्ताव भएको हुँदा सोही बमोजिम हटाइएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | नियमन तथा अनुगमन गर्न गराउन सक्नेछ। | | |
| २८ | दफा ८५ मा संशोधन। | ८५.<u>निरीक्षण तथा जाँचबुझ गर्न सक्ने</u>: (१) दफा ८४ बमोजिम नियमन तथा अनगमन गर्ने प्रयोजनको लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी**<u>, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि</u>** तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा निर्देशिका वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार बोर्ड | ८५.<u>निरीक्षण तथा जाँचबुझ गर्न सक्ने</u>: (१) दफा ८४ बमोजिम नियमन तथा अनगमन गर्ने प्रयोजनको लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराएका संगठित संस्थाले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा निर्देशिका वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार बोर्ड आफैले वा अरु कसैलाई आफूलाई भएको अधिकार प्रत्यायोजन गरी निरीक्षण तथा जाँचबुझ गर्न गराउन सक्नेछ। | धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था नै हटाउने प्रस्ताव भएको हुँदा सोही बमोजिम हटाइएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | आफैले वा अरु कसैलाई आफूलाई भएको अधिकार प्रत्यायोजन गरी निरीक्षण तथा जाँचबुझ गर्न गराउन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा अधिकार प्राप्त व्यक्तिले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, **<u>धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि</u>** तथा धितोपत्र दर्ता गराउने संगठित संस्थामा रहेको सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणको निरीक्षण तथा जाँचबुझ गर्न वा सम्बन्धित कुनै पनि व्यक्तिसँग सोधपुछ गर्न वा निजहरुको बयान | (२) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा अधिकार प्राप्त व्यक्तिले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थामा रहेको सूचना, तथ्याङ्क, कागजात, अभिलेख तथा विवरणको निरीक्षण तथा जाँचबुझ गर्न वा सम्बन्धित कुनै पनि व्यक्तिसँग सोधपुछ गर्न वा निजहरुको बयान लिन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गरिसके पछि बोर्डले सोको प्रतिवेदन तयार गरी राख्नु पर्नेछ। बोर्डबाट अधिकार प्राप्त व्यक्तिले निरीक्षण तथा जाँचबुझ गरेको भए सो व्यक्तिले त्यस्तो निरीक्षण तथा जाँचबुझको प्रतिवेदन तयार | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | लिन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गरिसके पछि बोर्डले सोको प्रतिवेदन तयार गरी राख्नु पर्नेछ। बोर्डबाट अधिकार प्राप्त व्यक्तिले निरीक्षण तथा जाँचबुझ गरेको भए सो व्यक्तिले त्यस्तो निरीक्षण तथा जाँचबुझको प्रतिवेदन तयार गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा अपनाउने कार्यविधि र निरीक्षण तथा जाँचबुझ पछि पेश गर्न पर्ने प्रतिवेदन तयार गर्दा अपनाउने विधि तोकिए बमोजिम | गरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा अपनाउने कार्यविधि र निरीक्षण तथा जाँचबुझ पछि पेश गर्न पर्ने प्रतिवेदन तयार गर्दा अपनाउने विधि तोकिए बमोजिम हुनेछ। | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | हुनेछ। | | |
| २९ | दफा ८६ को उपदफा (१), (२) र (३) मा संशोधन। | (१) दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा निरीक्षण तथा जाँचबुझ गर्नका लागि अधिकार प्राप्त व्यक्तिले वा दफा १०३ बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, **<u>धितोपत्र व्यवसायीको प्रतिनिधि</u>** तथा धितोपत्र दर्ता गराएका संगठित संस्थासँग निरीक्षण तथा जाँचबुझका सिलसिलामा आवश्यक देखेका कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ।<br>(२) बोर्डले धितोपत्र | (१) दफा ८५ बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा बोर्ड वा निरीक्षण तथा जाँचबुझ गर्नका लागि अधिकार प्राप्त व्यक्तिले वा दफा १०३ बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराएका संगठित संस्थासँग निरीक्षण तथा जाँचबुझका सिलसिलामा आवश्यक देखेका कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ।<br>(२) बोर्डले धितोपत्र कारोबारलाई नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी, | धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था हटाउने प्रस्ताव बमोजिम बमोजिम मिलाइएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | कारोबारलाई नियमित तथा व्यवस्थित गर्ने प्रयोजनका लागि धितोपत्र बजार, धितोपत्र व्यवसायी, **धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि,** धितोपत्र दर्ता गराएका संगठित संस्था धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीसँग धितोपत्र वा धितोपत्र कारोबारसँग सम्बन्धित कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ।<br>(३) उपदफा (१) र (२) बमोजिम मागिएको सूचना, तथ्याङ्क तथा विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, **धितोपत्र व्यवसायीको** | धितोपत्र दर्ता गराएका संगठित संस्था धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीसँग धितोपत्र वा धितोपत्र कारोबारसँग सम्बन्धित कुनै पनि सूचना, तथ्याङ्क तथा विवरण माग गर्न सक्नेछ।<br>(३) उपदफा (१) र (२) बमोजिम मागिएको सूचना, तथ्याङ्क तथा विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीको हुनेछ। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | **<u>आधिकारिक प्रतिनिधि,</u>** धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने संस्था तथा डिपोजिटरीको हुनेछ। | | |
| ३० | दफा ८६ पछि दफा ८६क. थप। | हाल नभएको | **८६क. <u>बैङ्किङ्ग कारोबारको अभिलेख माग गर्न सक्ने:</u>** (१) कुनै व्यक्ति, कम्पनी वा सङ्गठित संस्थाले गरेको धितोपत्रसँग सम्बन्धित कारोबारको सम्बन्धमा कुनै जाँचबुझ गर्नु परेमा बोर्डले त्यस्तो कारोबार सम्बन्धी अभिलेख सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट उपलब्ध गराई दिन नेपाल राष्ट्र बैङ्कलाई अनुरोध गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो | बोर्डको अनुसन्धान प्रक्रियामा सम्बन्धित नियमनकारी निकायको थप सहजीकरणका लागि तथा अभिलेखको गोप्यता कायम गर्नका लागि आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | अभिलेख लिई बोर्डलाई उपलब्ध गराई दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेख गोप्य राखी जाँचबुझको लागि मात्र प्रयोग गर्नु पर्नेछ। | |
| ३१ | दफा ८७ को उपदफा (१) र (२) मा संशोधन। | (१) बोर्डले नेपाल सरकारको नीति निर्देशन, पूँजी बजारको स्थिति तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र बजार, धितोपत्र व्यवसायी**, धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि** तथा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई धितोपत्र कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम **गर्नुपर्ने** | (१) बोर्डले नेपाल सरकारको नीति निर्देशन, पूँजी बजारको स्थिति तथा लगानीकर्ताको हितलाई ध्यानमा राखी धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई धितोपत्र कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम **कुनै काम गर्न वा नगर्न** आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।<br>(२) दफा ८५ बमोजिम पेश | भाषा मिलाइएको तथा धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था हटाउने प्रस्ताव बमोजिम मिलाइएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | **<u>कुनै काम गर्न वा नगर्नु पर्ने कुनै काम नगर्न</u>** आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।<br>(२) दफा ८५ बमोजिम पेश भएको निरीक्षण तथा जाँचबुझ प्रतिवेदनको आधारमा बोर्डले धितोपत्र बजार, धितोपत्र व्यवसायी, **<u>धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधि,</u>** धितोपत्र दर्ता गराउने संगठित संस्था वा त्यस्तो संगठित संस्थाको संचालक वा कर्मचारीलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम कुनै काम गर्न वा नगर्न निर्देशन दिन वा धितोपत्रको दर्ता खारेज गर्न वा यस ऐन बमोजिम | भएको निरीक्षण तथा जाँचबुझ प्रतिवेदनको आधारमा बोर्डले धितोपत्र बजार, धितोपत्र व्यवसायी, धितोपत्र दर्ता गराउने संगठित संस्था वा त्यस्तो संगठित संस्थाको संचालक वा कर्मचारीलाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम कुनै काम गर्न वा नगर्न निर्देशन दिन वा धितोपत्रको दर्ता खारेज गर्न वा यस ऐन बमोजिम बोर्डले दिएको अनुमतिपत्र निलम्वन वा खारेज गर्न सक्नेछ। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | बोर्डले दिएको अनुमतिपत्र निलम्वन वा खारेज गर्न सक्नेछ। | | |
| ३२ | दफा ८९ को उपदफा (१) को खण्ड (झ) मा संशोधन। | (झ) धितोपत्र व्यवसायीले आफूले नियुक्त गरेको प्रतिनिधि हटाएकोमा सोको सट्ट अर्को प्रतिनिधि नियुक्त नगरेमा। | झिकिएको | धितोपत्र व्यवसायीको आधिकारिक प्रतिनिधिको व्यवस्था हटाउने प्रस्ताव बमोजिम मिलाइएको। |
| ३३ | दफा ९७ मा संशोधन। | ९७. **<u>झुक्याउने विवरणहरु दिने:</u>** कसैले कसैलाई धितोपत्र खरिद बिक्रि गर्न उक्साउने उद्देश्यले देहायका काम गरेमा झुक्याउने काम गरेको मानिनेछः-<br>(क) झुठ्ठो, भ्रामक वा गलत हो भनी जानीजानी कुनै विवरण वा पूर्व | ९७. **<u>झुक्याउने विवरणहरु दिने:</u>** कसैले कसैलाई धितोपत्र खरिद बिक्रि गर्न उक्साउने उद्देश्यले देहायका काम गरेमा झुक्याउने काम गरेको मानिनेछः-<br>(क) झुठ्ठो, भ्रामक वा गलत हो भनी जानीजानी कुनै विवरण वा पूर्व अनुमान सम्बन्धी विवरण बनाउने | विद्यमान व्यवस्थालाई समयानुकूल परिमार्जन तथा थप स्पष्ट गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | अनुमान सम्बन्धी विवरण बनाउने वा <u>**प्रकाशित गर्ने**</u>,<br>(ग) बदनियत साथ झुठ्ठा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा <u>**प्रकाशित गर्ने**</u>। | वा <u>**त्यस्तो विवरण कुनै पनि माध्यमबाट प्रवाह वा प्रकाशन गर्ने**</u>,<br>(ग) बदनियत साथ झुठ्ठा वा भ्रामक विवरण, प्रतिज्ञा वा पूर्व अनुमान बनाउने वा <u>**त्यस्तो विवरण कुनै पनि माध्यमबाट प्रवाह वा प्रकाशित गर्ने**</u>। | |
| ३४ | दफा १०१ को उपदफा (१), (२), (३), (४) र (५) मा संशोधन, उपदफा (६) को सट्टा | **१०१ <u>दण्ड सजायः</u>** (१) दफा ९१ बमोजिम भित्री कारोबार गर्नेलाई भित्री कारोबार गरेको ठहरेमा <u>**बिगो बमोजिम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय**</u> हुनेछ।<br>(२) दफा ९४, ९५ र ९६ बमोजिमको कुनै काम गर्नेलाई <u>**पचास हजार रुपैयाँदेखि एक लाख**</u> | **१०१ <u>दण्ड सजायः</u>** (१) दफा ९१ बमोजिम भित्री कारोबार गर्नेलाई भित्री कारोबार गरेको ठहरेमा <u>**बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा पचास लाख रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय**</u> हुनेछ। | धितोपत्र सम्वन्धी कसुर र समय सम्बन्धी व्यवस्थालाई तात्दाम्यता मिलाई समयानुकूल परिमार्जन तथा थप स्पष्ट गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | देहायको उपदफा (६) राखिएको, र उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको। | **पचास हजार रुपैंयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय** हुनेछ र त्यस्तो काम कारबाहीबाट कसैलाई हानि नोक्सानी पर्न गएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ।<br>(३) दफा ९७, ९८, ९९ र १०० बमोजिमको कुनै काम गर्नेलाई **एक लाख रुपैंयाँदेखि तीन लाख रुपैंयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय** हुनेछ र त्यस्तो कारोबारबाट कसैलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ। | (२) दफा ९४, ९५ र ९६ बमोजिमको कुनै काम गर्नेलाई **बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा पाँच लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय** हुनेछ र त्यस्तो काम कारबाहीबाट कसैलाई हानि नोक्सानी पर्न गएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ।।<br>(३) दफा ९७, ९८, ९९ र १०० बमोजिमको कुनै काम गर्नेलाई **बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिमको जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय र बिगो नखुलेकोमा दश लाख रुपैयाँदेखि** | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (४) कसैले जानीजानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब, खाता, विवरण, प्रतिवेदन, सूचना, जानकारी वा यस्तै अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा पेश नगरेमा, नराखेमा वा नबनाएमा वा तयार नगरेमा वा झुट्टा विवरण वा कागजात बनाएमा वा राखेमा, तयार गरेमा त्यस्तो गर्नेलाइ बोर्डले **पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म** जरिवाना गर्न सक्नेछ। | **पचास लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय** हुनेछ र त्यस्तो कारोबारबाट कसैलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानी समेत भराई दिनु पर्नेछ।<br>(४) कसैले जानीजानी वा बदनियत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब, खाता, विवरण, प्रतिवेदन, सूचना, जानकारी वा यस्तै अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा पेश नगरेमा, नराखेमा वा नबनाएमा वा तयार नगरेमा वा झुट्टा विवरण वा कागजात बनाएमा वा राखेमा, तयार गरेमा | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (५) कसैले जानी-जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी कुनै संगठित संस्था, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा लगानीकर्तालाई हानि नोक्सानी गरे गराएमा बोर्डले त्यस्तो व्यक्तिलाई **पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म** जरिवाना गर्न सक्नेछ। त्यस्तो काम कारबाहीबाट कसैलाई कुनै हानि नोक्सानी पुग्न गएको भए सो बापत बोर्डले वास्तविक हानि नोक्सानको क्षतिपूर्ति समेत भराई दिन | त्यस्तो गर्नेलाइ बोर्डले **पाँच लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म** जरिवाना गर्न सक्नेछ।<br>(५) कसैले जानी-जानी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम वा यस ऐन अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको बर्खिलाप काम गरी कुनै संगठित संस्था, धितोपत्र बजार, धितोपत्र व्यवसायी वा लगानीकर्तालाई हानि नोक्सानी गरे गराएमा बोर्डले त्यस्तो व्यक्तिलाई **पाँच लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म** जरिवाना गर्न सक्नेछ। त्यस्तो काम कारबाहीबाट कसैलाई कुनै हानि नोक्सानी पुग्न गएको भए सो बापत बोर्डले वास्तविक हानि नोक्सानको क्षतिपूर्ति समेत भराई दिन | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | सक्नेछ।<br>(६) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम पुऱ्याउनु पर्ने रीत नपु¥याई धितोपत्र निष्काशन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोबार संचालन गरे गराएमा त्यस्तो काम गर्ने गराउन व्यक्तिलाई बोर्डले पचास हजार रुपैयाँ देखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।<br>(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएका कुनै | सक्नेछ।<br>(६) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा निर्देशन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई धितोपत्र निष्कासन गरेमा, धितोपत्र बजार वा धितोपत्र व्यवसायीको हैसियतले धितोपत्र कारोबार सञ्चालन गरे वा गराएमा वा अनुमति नलिई केन्द्रीय निक्षेप सेवा वा विशिष्टीकृत लगानी कोष सञ्चालन गरे वा गराएमा वा ट्रष्टीको नियुक्ति गरे वा गराएमा त्यस्तो काम गर्ने वा गराउने व्यक्तिलाई बोर्डले पाँच लाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।<br>(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा सो | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | आदेश वा निर्देशन वा बोर्डले तोकिदिएका शर्तहरुको उल्लंगन गरेमा वा आफूले गर्नुपर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा त्यस्तो व्यक्तिलाई बोर्डले पच्चिस हजार रुपैयाँ देखि पचहत्तर हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। | अन्तर्गत जारी गरिएको आदेश बमोजिम तयार गर्नु पर्ने विवरण वा प्रतिवेदन वा कागजात तयार नगर्ने, दिनु पर्ने जानकारी नदिने वा पेश गर्नु पर्ने कागजात तथा विवरण तोकिएको समयभित्र पेश नगर्ने वा नियमन, निरीक्षण वा अनुगमन गर्दा बोर्ड वा सो कार्यको लागि बोर्डबाट खटिएको कुनै अधिकृतस्तरको कर्मचारीले माग गरेको कागजपत्र, विवरण, तथ्याङ्क वा अभिलेख तोकिएको अवधिभित्र उपलब्ध नगराउने धितोपत्र दर्ता गराउने सङ्गठित संस्था वा बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थालाई बोर्डले अन्य सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-<br>(क) म्याद नाघेको सात | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | दिनसम्मको लागि दैनिक दश हजार रुपैयाँ,<br><br>(ख) म्याद नाघेको आठ दिनदेखि पन्ध्र दिनसम्मको लागि दैनिक पच्चीस हजार रुपैयाँ,<br><br>(ग) म्याद नाघेको सोह्र दिनदेखि पचास लाख रुपैयाँमा नबढ्ने गरी दैनिक पचास हजार रुपैयाँ। | |
| ३५ | दफा १०१ | साविकमा नभएको | **१०१क. बोर्डले कारबाही गर्न सक्ने:** यो ऐन | सामान्य प्रकृतिका कार्यमा |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | पछि देहायको दफा १०१क. थपिएको। | | वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा निर्देशन बमोजिम बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगर्ने यस ऐन बमोजिम अनुमतिपत्रप्राप्त सङ्गठित संस्था, धितोपत्र दर्ता गराएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बोर्डले देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछः-<br>(क) सचेत गराउने वा लिखित चेतावनी दिने,<br>(ख) त्यस्तो सङ्गठित संस्थाको कारोबारमा आंशिक वा पूर्ण रूपमा प्रतिबन्ध लगाउने,<br>(ग) बोर्डले उपलब्ध गराउने सेवा | बोर्डले जरिवाना गरी तत्काल नियमन गर्न सक्ने व्यवस्थालाई छुट्टै दफामा व्यवस्था गरिएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | निलम्बन गर्ने वा रोक्का राख्ने,<br>(घ) अनुमतिपत्र निलम्बन गर्ने वा खारेज गर्ने,<br>(ङ) सम्बन्धित संस्थाको सञ्चालक समितिलाई तलब, भत्ता लगायतका सुविधा उपलब्ध नगराउन आदेश दिने,<br>(च) पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित अनुमतिपत्रप्राप्त संस्थाको सञ्चालक समितिलाई आदेश दिने,<br>(छ) पाँच लाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिबाना गर्ने। | |
| ३६ | दफा १०६ | **१०६. <u>पुनरावेदनः</u>** (१) दफा १०१ | **१०६. <u>पुनरावेदनः</u>** (१) दफा १०१ को | पुनरावेदन गर्न सक्ने |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | को उपदफा (१) मा संशोधन। | को उपदफा (४), (५), (६) <u>र (७)</u> बमोजिम बोर्डले गरेको सजाय उपर चित्त नबुझ्ने धितोपत्र बजार, धितोपत्र व्यवसायी, संगठित संस्था वा सम्बन्धित व्यक्तिले सजाय पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । | उपदफा (४), (५), (६) र (७) तथा दफा १०१क. को खण्ड (ख), (ग), (घ), (ङ) र (छ) बमोजिम बोर्डले गरेको सजाय उपर चित्त नबुझ्ने धितोपत्र बजार, धितोपत्र व्यवसायी, संगठित संस्था वा सम्बन्धित व्यक्तिले सजाय पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । | व्यवस्थालाई थप स्पष्ट गरिएको। |
| ३७ | दफा १०८ को सट्टा देहायको दफा १०८ राखी संशोधन। | **१०८. <u>संचालक वा महाप्रबन्धक हुन अयोग्य:</u>** कुनै संचालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति कुनै पनि | **१०८. <u>सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य:</u>** (१) कसैले दफा १०१ को उपदफा (१), (२) वा (३) बमोजिम कुनै सजाय पाएमा त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति बोर्डमा धितोपत्र दर्ता गराएको, सार्वजनिक निष्कासन गरेको वा बोर्डबाट | कारबाहीको गम्भीरता अनुसार सञ्चालक तथा कार्यकारी प्रमुखको अयोग्यता थप व्यवस्थित गर्नु पर्ने भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | पब्लिक लिमिटेड, कम्पनी वा संस्थाको संचालक, महाप्रबन्धक वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन। | अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।<br>(२) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरेको पाँच वर्षको अवधि पूरा नभएसम्म त्यस्तो व्यक्ति बोर्डमा धितोपत्र दर्ता गराएको, सार्वजनिक निष्कासन गरेको वा बोर्डबाट अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।<br>(३) यस ऐन बमोजिम बोर्डले गरेको कारबाहीको परिणामस्वरुप अनुमतिपत्रप्राप्त कुनै संस्थाको अनुमतिपत्र | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | खारेज भएमा त्यस्तो संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पद धारण गरेको व्यक्ति अनुमतिपत्र खारेज भएको मितिले एक वर्ष पूरा नभएसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त कुनै संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन। | |
| ३८ | दफा ११० पछि दफा ११०क. थप। | साविकमा नभएको। | **११०क. <u>ट्रष्टीको नियुक्तिः</u>** (१) केन्द्रीय निक्षेप सेवा सञ्चालन, सामूहिक लगानी योजना सञ्चालन वा सुरक्षित ऋणपत्र जारी गर्ने सङ्गठित संस्थाले हितग्राही वा लगानीकर्ताको हित तथा स्वार्थ संरक्षणको लागि ट्रष्टी नियुक्त गर्नु पर्नेछ।<br><u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "ट्रष्टी" भन्नाले | हाल धितोपत्र सम्बन्धी ऐनमा ट्रष्टी सम्बन्धी व्यवस्था नरहेको र पुँजी बजारलाई थप सुरक्षित र व्यवस्थित गर्न ट्रष्टी सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्नको लागि धितोपत्र अन्तर्गत रहेको अभौतिक धितोपत्र तथा सामूहिक लगानी योजनामा भएको लगानीलाई आफ्नो संरक्षकत्वमा लिई सुरक्षा प्रत्याभूति प्रदान गर्ने र सो सम्बन्धमा आवश्यक अनुगमन तथा सुपरिवेक्षण गर्ने सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।"<br>(२) उपदफा (१) बमोजिम ट्रष्टी नियुक्त गर्दा अर्थशास्त्र, वित्तशास्त्र, कानून, लेखा, व्यवस्थापन वा पुँजी बजार सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र पैंतीस वर्ष उमेर पूरा भएको व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ। | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | (३) उपदफा (१) बमोजिम ट्रष्टीको नियुक्ति गर्दा एक जना कानून क्षेत्रको प्रतिनिधित्व हुने गरी फरक फरक क्षेत्रको कम्तीमा तीन जना र बढीमा पाँच जना व्यक्तिलाई ट्रष्टीको रुपमा नियुक्त गर्न सकिनेछ।<br>(४) उपदफा (१) बमोजिम ट्रष्टीको रुपमा नियुक्त भएको व्यक्तिले पदीय जिम्मेवारी पूरा नगरेमा सम्बन्धित सङ्गठित संस्थाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।<br>तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।<br>(५) उपदफा (१) बमोजिम | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | नियुक्त भएको ट्रष्टीले तोकिए बमोजिम हितग्राहीको प्रतिनिधित्व गर्ने र लगानीकर्ता वा हितग्राहीको अधिकतम हित हुने कार्य गर्नु पर्नेछ।<br>(६) ट्रष्टीको नियुक्ति, योग्यता, काम, कर्तव्य तथा अधिकार र शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| ३९ | दफा १११ पछि दफा १११क. थप। | साविकमा नभएको। | **१११क.** **<u>अनुमतिपत्र प्राप्त संस्थामा काम गर्न नपाउनेः</u>** (१) अध्यक्ष भइसकेको व्यक्तिले पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थामा कुनै पदाधिकारीको हैसियतमा रही काम गर्न पाउने छैन।<br>(२) बोर्डको अधिकृत प्रथम श्रेणी | बोर्डको अध्यक्ष, कार्यकारी निर्देशक र उपकार्यकारी निर्देशकको सम्भावित स्वार्थ बाझिन सक्ने जोखिमलाई निराकरण गर्न र बोर्डमा सुशासन कायम गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | वा सोभन्दा माथिको पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त संस्थामा कुनै पदाधिकारीको हैसियतमा रही काम गर्न पाउने छैन।<br>(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट नियुक्त हुने पदमा यस दफाको व्यवस्था लागू हुने छैन। | |
| ४० | दफा ११६ को उपदफा (२) को खण्ड (छ) पछि नयाँ खण्ड (छ१) | साविकमा नभएको। | (छ१) सामूहिक तथा विशिष्टीकृत लगानी कोष सम्बन्धमा,<br>(ट१) धितोपत्रको डेरिभेटिभ कारोबार, केन्द्रीय निक्षेप सेवा, क्रेडिट रेटिङ्ग सेवा तथा तत्सम्बन्धी कार्य | नियमावली तर्जुमा गर्ने व्यवस्थालाई थप सहज तथा सरल बनाउन तथा धितापत्र बजारको क्षेत्र विस्तार संगैं थप नियम बनाउन सक्ने |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | थपिएको र खण्ड (ट) पछि नयाँ खण्डहरू (ट१), (ट२), (ट३), (ट४), (ट५) र (ट६) थपिएको। | | सम्बन्धमा,<br>(ट२) धितोपत्र दर्ता गराउने वा अनुमतिपत्रप्राप्त संस्था गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा,<br>(ट३) सूचीकृत धितोपत्रमा लगानी गर्ने उद्देश्यले स्थापित कम्पनीको नियमन सम्बन्धमा,<br>(ट४) धितोपत्र ट्रष्टीको नियुक्ति तथा नियमन सम्बन्धमा,<br>(ट५) धितोपत्र खरिदको लागि ग्राहकले भुक्तानी गरेको रकमको खाता र अभिलेख सम्बन्धमा,<br>(ट६) अनुमतिपत्र निलम्बन, रद्द वा खारेज गर्ने प्रक्रियाका सम्बन्धमा" | विषय थप गर्न आवश्यक भएकोले। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| ४१ | दफा ११७ को सट्टा देहायको दफा ११७ राखिएको। | **११७ <u>विनियम बनाउन सक्नेः</u>** यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही धितोपत्र बजारले बोर्डको स्वीकृति लिई देहायका विषयहरुका सम्बन्धमा आवश्यक विनियमहरु बनाउन सक्नेछः-<br>(क) धितोपत्र सूचीकरण तथा सूचीकृत धितोपत्रको कारोबार सम्बन्धमा,<br>(ख) सदस्यता, सदस्यता शुल्क, सदस्यको व्यावसायिक मर्यादा सम्बन्धमा, | ११७. **<u>विनियम बनाउन सक्नेः</u>** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही धितोपत्र बजार सञ्चालन गर्ने सङ्गठित संस्थाले बोर्डको स्वीकृति लिई देहायका विषयमा विनियम बनाउन सक्नेछः-<br>(क) धितोपत्र सूचीकरण तथा सूचीकृत धितोपत्रको कारोबार सम्बन्धमा,<br>(ख) सदस्यता, सदस्यता शुल्क, सदस्यको व्यावसायिक मर्यादा सम्बन्धमा,<br>(ग) धितोपत्र बजार स्वच्छ र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न कर्मचारीको सेवा र आचरण तथा बजार निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा। | विनियम वनाउने सम्बन्धी व्यस्थालाई थप परिमार्जन तथा केन्द्रीय निक्षेप सेवा सम्बन्धी विनियम वनाउने व्यवस्था थप गर्न आवश्यक देखिएको। |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (ग) धितोपत्र बजार स्वच्छ र पारदर्शी ढङ्गबाट संचालन गर्न कर्मचारीहरुको सेवा र आचरण तथा बजार निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा। | (२) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाले बोर्डको स्वीकृति लिई देहायका विषयमा विनियम बनाउन सक्नेछः-<br>(क) केन्द्रीय निक्षेप सेवा सञ्चालन,<br>(ख) निक्षेप सदस्य र सदस्यको सुपरिवेक्षण,<br>(ग) धितोपत्र कारोबार राफसाफ सम्बन्धी,<br>(घ) केन्द्रीय निक्षेप सेवा सञ्चालन गर्ने सङ्गठित संस्थाको | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | | खरिद, आर्थिक प्रशासन तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी,<br>(ङ) केन्द्रीय निक्षेप सेवा तथा कारोबार राफसाफ सम्बन्धी अन्य आवश्यक विषय।" | |
| ४२ | दफा ६४,६५,६९ र ७९ खारेज। | ६४. **<u>प्रतिनिधि नतोकी धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र नदिइने:</u>** (१) धितोपत्र दलालको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि धितोपत्र | दफा ६४, ६५, ६९ र ७९ खारेज गरिएको छ। | विगतमा धितोपत्र दलाल व्यवसाय प्राकृतिक व्यक्तिले समेत गर्न पाउने सन्दर्भमा अधिकार प्रत्यायोजन गरी निजको तर्फबाट प्रतिनिधि तोकी कतिपय कार्यहरु गर्न |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | दलालीको रुपमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन।<br><br>(२) धितोपत्र व्यापारीको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि धितोपत्र व्यापारीको रुपमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन।<br><br>(३) योजना व्यवस्थापकको प्रतिनिधिको रुपमा काम गर्ने कम्तीमा एकजना व्यक्ति नतोकी कसैलाई पनि सामूहिक लगानी योजना तथा लगानी कोष व्यवस्थापन सम्बन्धी धितोपत्र | | सक्ने व्यवस्था गरिएको र हाल सवै प्रकारका धितोपत्र व्यवसाय कम्पनी वा संगठित संस्था मार्फत मात्र गर्ने व्यवस्था भएको सन्दर्भमा प्रतिनिधि वा आधिकारिक प्रतिनिधि सम्बन्धी व्यवस्थाको प्रयोजन नरहेको हुँदा हटाउन आवश्यक भएकोले। |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | व्यवसाय गर्न अनुमतिपत्र दिइने छैन।<br><br>(४) धितोपत्र व्यवसायीले प्रतिनिधि तोक्दा पूरा गर्नु पर्ने कार्यविधि, योग्यता तथा व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ।<br><br>६५. **आधिकारिक प्रतिनिधिः** (१) कुनै पनि व्यक्ति धितोपत्र व्यवसायीको प्रतिनिधि नियुक्त भएको कुरा उपदफा (३) बमोजिम बोर्डमा दर्ता भएपछि मात्र त्यस्तो व्यक्ति सो धितोपत्र व्यवसायीको लागि आधिकारिक प्रतिनिधि मानिनेछ। | | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | (२) उपदफा (१) बमोजिम प्रतिनिधि नियुक्त भएको कुरा बोर्डमा दर्ता गर्दा धितोपत्र व्यवसायीले प्रतिनिधि नियुक्त गरेको कुरा र प्रतिनिधि नियुक्त हुने व्यक्तिले पनि आफू सो धितोपत्र व्यवसायीको प्रतिनिधि हुन मञ्जुर गरेको कुरा बोर्डलाई सूचना गर्नु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएको पन्ध्र दिनभित्र बोर्डले प्रतिनिधिको नाम, ठेगाना तथा अन्य आवश्यक विवरण खुलाई तोकिए बमोजिम दर्ता किताबमा दर्ता | | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | गरी त्यस्तो प्रतिनिधिलाई प्रतिनिधि दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।<br><br>(४) कुनै कारणले प्रतिनिधि र प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायी बीच प्रतिनिधि राख्ने सम्बन्धमा भएको सम्झौता रद्द भएमा सोको सूचना तुरुन्त बोर्डलाई दिनुपर्नेछ र प्रतिनिधिले पनि आफूले प्राप्त गरेको प्रमाणपत्र सात दिनभित्र बोर्डमा फिर्ता बुझाउनु पर्नेछ।<br><br>(५) आधिकारिक प्रतिनिधिले गरेको सम्पूर्ण कामको जिम्मेवारी | | |

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | त्यसरी आधिकारिक प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायीको हुनेछ।<br><br>६९. **<u>आधिकारिक प्रतिनिधिको अभिलेखः</u>** (१) बोर्डले सबै आधिकारिक प्रतिनिधिको एउटा दर्ता किताब खडा गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ।<br><br>(२) उपदफा (१) बमोजिम खडा गरिने दर्ता किताबमा देहायका कुराहरु समेत खुलाई आधिकारिक प्रतिनिधिको अद्यावधिक अभिलेख राखिनेछः- | | |

नेपाल सरकार
अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | (क) आधिकारिक प्रतिनिधिको नाम र ठेगाना,<br><br>(ख) आधिकारिक प्रतिनिधिको रुपमा दर्ता भएको मिति,<br><br>(ग) प्रतिनिधि नियुक्त गर्ने धितोपत्र व्यवसायीको नाम र ठेगाना,<br><br>(घ) बोर्डले उचित र | | |

नेपाल सरकार अर्थ मन्त्रालय

| क्र. सं. | दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| | | आवश्यक देखेका अन्य आवश्यक विवरणहरु।<br><br>७९. **<u>बीमा गर्नु पर्नेः</u>** प्रतिनिधि बाहेक धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्राप्त प्रत्येक धितोपत्र व्यवसायीले बोर्डले तोकिदिए बमोजिम आफूले गर्ने व्यवसायको बीमा गराउनु पर्नेछ। | | |

नेपाल सरकार अर्थ मन्त्रालय